# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## ठाँटीकाँध गाउँपालिका
## दैलेख





महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## ठाँटीकाँध गाउँपालिका

## दैलेख




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## ठाँटीकाँध गाउँपालिका

दैलेख

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि
## (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ। आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलत: आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन्। त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन्।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु। स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
**Office of the Auditor General**
अनामनगर, काठमाडौँ, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय कर्णाली प्रदेश**

पत्र संख्याः २०७९।८०
च.नं. : ८५ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्ष ज्यू,
ठाँटीकाँध गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
दैलेख।

**कैफियत सहितको राय**

हामीले ठाँटीकाँध गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।
२. लेखापरीक्षणबाट रू.७ करोड ९० लाख २५ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.६२ लाख २१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.३ करोड ३९ लाख २९ हजार, नियमित गर्नुपर्ने रु.३ करोड ४२ लाख ७५ हजार र पेश्की रु.४६ लाख रहेको छ। पालिकाको गतवर्ष सम्म रु.२२ करोड ३९ लाख ८४ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.३० करोड ३० लाख ९ हजार रहेको छ। गाउँपालिकाको बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ।
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

नायब महालेखापरीक्षक

# ठाँटीकाँध  गाउँपालिका, दैलेख

## 1. चालु वर्षको बेरुजु २०७८।७९

### 1.1. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ५१ | २२७ | ७९०२५ | ० | ० | ० | ५१ | २२७ | ७९०२५ | ६२२१ | ३४२७५ | ३३९२९ | ० | ० | ६८२०४ | ४६०० |

### 1.2 प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| ० | ० | ० | ० |
| | | | |
| | | | |
| | | | |

## 2. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| ठाँटीकाँध गाउँपालिका दैलेख | २२३९८४ | ० | ० | २२३९८४ | ० | ७९०२५ | ३०३००९ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : ठाँटीकाध गाउँपालिका, दैलेख , थाँतीकाँध गाउँपालिका , दैलेख

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | नेम बहादुर खत्री | २०७९-६-१२ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | लोकेन्द्र बहादुर भण्डारी | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ७९,०२४,६९३.३६ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ५,१४,०८,८७१ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २७,६७,९७,००० | **चालु खर्च** | २०,४९,७१,५३५ |
| **प्रदेश सरकारबाट अनुदान** | ३,०९,२१,३३४ | **पूँजीगत खर्च** | १३,१५,७३,६७१ |
| **राजश्व बाँडफाँट** | ६,४१,१४,७७८ | **वित्तीय/अन्य व्यवस्था** | ११,८१,८७,८३१ |
| **आन्तरिक आय** | १७,७८,९९८ | | |
| **अन्य आय** | ११,८३,५६,११५ | | |
| **कुल आय** | ४९,१९,६८,२२५ | **कुल खर्च** | ४५,४७,३३,०३७ |
| **बाँकी मौज्दात** | | ८,८६,४४,०५९ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ६ वडा, ३३ सभा सदस्य, ८८.२२ वर्ग किलोमिटर क्षेत्रफल तथा २० हजार ६ सय ७० जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षण**<br>यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निक्यौंल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्: | |
| ३ | | | **वित्तीय विवरण विश्लेषण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको *स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२)* सम्बन्धमा निम्नअनुसार देखिएको छः | |

| प्राप्ती भुक्तानी हिसाव | | | | |
|---|---|---|---|---|
| बजेट | बजेट | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | ३९८८५०४९१ | ३८२३६५४७७ | | ३८२३६५४७७ |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | ३९१६३११५९ | ३७४५१२११३ | ० | ३७४५१२११३ |
| ११००० कर | ७१७४५१५९ | ६५३६६७७७ | ० | ६५३६६७७७ |
| | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | १३००० अनुदान | ३१८६८६००० | ३०८६१८३३६ | ० | ३०८६१८३३६ | |
| | | | संघीय सरकार | २८००९८००० | २७७६९७००० | ० | २७७६९७००० | |
| | | | प्रदेश सरकार | ३८५८८००० | ३०९२१३३६ | ० | ३०९२१३३६ | |
| | | | १४००० अन्य राजस्व | १२००००० | ५२७००० | ० | ५२७००० | |
| | | | ख. अन्य प्राप्ति | ७२१९३३२ | ७८५३३६४ | | ७८५३३६४ | |
| | | | वितरण गर्न बाकी राजस्व | ० | ० | ० | ० | |
| | | | कोषहरु | ७२१९३३२ | ६१८०२५५ | ० | ६१८०२५५ | |
| | | | धरौटी | ० | १६७३१०९ | ० | १६७३१०९ | |
| | | | संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० | |
| | | | भुक्तानी (ग+घ) | ४४६८५६३४१ | ३४५१३०२८९ | | ३४५१३०२८९ | |
| | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | ४३९६३७००९ | ३३६५४५२०६ | | ३३६५४५२०६ | |
| | | | २१००० पारिश्रमिक / सुविधा | १२९६०३९४० | १२३८२०५९६ | ० | १२३८२०५९६ | |
| | | | २२००० मालसामान तथा सेवाको उपयोग | ६५३०३२१९ | ५१४९०३९३ | ० | ५१४९०३९३ | |
| | | | २५००० सहायता (Subsidy) | ३३५१३००० | २५८६९०४४ | ० | २५८६९०४४ | |
| | | | २६००० अनुदान | ० | ० | ० | ० | |
| | | | २७००० सामाजिक सुरक्षा | ७५१५००० | १३२३६३० | ० | १३२३६३० | |
| | | | २८००० अन्य खर्च | २५००००० | २४६७८७२ | ० | २४६७८७२ | |
| | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | २०१२०१८५० | १३१५७३६७१ | ० | १३१५७३६७१ | |
| | | | घ. अन्य भूक्तानी | ७२१९३३२ | ८५८५०८३ | | ८५८५०८३ | |
| | | | कोषहरु | ७२१९३३२ | ६७१९१०५ | ० | ६७१९१०५ | |
| | | | धरौटी | ० | १८६५९७८ | ० | १८६५९७८ | |
| | | | संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० | |
| | | | ङ. यो वर्षको बचत (न्युन) | -४८००५८५० | ३७२३५१८८ | | ३७२३५१८८ | |
| | | | च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | ५१४०८८७१ | | ५१४०८८७१ | |
| | | | वर्षान्तको बाकी रकम (ङ + च) | -४८००५८५० | ८८६४४०५९ | | ८८६४४०५९ | |
| | | | | | | | | |
| | | | बैंक तथा नगद बाकी | | ८८६४४०५९ | | ८८६४४०५९ | |

**कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट निकासा प्राप्त**



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| बजेट उपशिर्षक | वार्षिक बजेट | निकासा | खर्च |
|---|---|---|---|
| ३१४०१०१२३ | ७७८८०४०८ | ७६८२४९२६.५९ | ७६८२४९२६.५९ |
| ३७०००११६४ | २६०३४००० | २५८०७५५९ | २५८०७५५९ |
| जम्मा रु | १०३९१४४०८ | १०२६३२४८५.५९ | १०२६३२४८५.५९ |

**प्रदेश लेखा ईकाई कार्यालय बाट निकासा प्राप्त**

| बजेट उपशिर्षक | वार्षिक बजेट | निकासा | खर्च |
|---|---|---|---|
| ३१४०००११३ | १७५०००० | १३५०००० | १३५०००० |
| ३०१००१०२३ | १०५००० | १०५००० | १०५००० |
| ३०१००१०२४ | १७२६४००० | १६३८६९३६ | १६३८६९३६ |
| जम्मा रु | १९११९००० | १७८४१९३६ | १७८४१९३६ |

३.१

**फरक हिसाब** – पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. ३४,०३,०२१।-, यस वर्षको प्राप्ति रु. १५,२८,०८,०१८।-, यस वर्षको भुक्तानी रु. १५,६७,३४,६८९।- र बैङ्क मौज्दात रु. २,९७,५४,५०५।- फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ५१४०८८७१ | ३८२३६५४७७ | ३४५१३०२८९ | ८८६४४०५ |
| एकीकृत आर्थिक विवरणअनुसार | ४८००५८५० | ५३५११७३४९५ | ५०१८६४९७८ | ३८६१८९१० |
| फरक | ३४०३०२१ | १५२८०८०१८ | १५६७३४६८९ | २९७५४५०५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३.२ | | | **सञ्चित कोषमा स्थानान्तरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु. १,०४,६०,४९०।-, पुँजीगत खातामा रु. २,४५,१९,७३१।- र प्रकोप व्यव्थापन कोष खातामा रु. ४,७०,८५३ समेत रु. ३,५४,५१,०७४।- मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ । | |
| ३.३ | | | **फरक जिम्मेवारीः** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु. ५,२३,५८,९१० रहेकोमा यो वर्ष रु. ५,१४,०८,८७१ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ९,५०,०३९।-घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु. | ९५०,०३९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३.४ | | | **बैङ्क हिसाब विवरण** -स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा म.ले.प.फा.नं. २७२ को अनुसुची २४ अनुसार स्थानीय तहले सञ्चालन गरेको देहाय बमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार श्रेस्तामा भन्दा बैंकमा रु. ४५,२९,९४८।- घटि रकम देखिएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गर्नु पर्ने रु. | ४,५२९,९४८ |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| १ | आन्तरिक राजस्व खाता | ० | ० | ० |
| २ | बाँडफाडबाट प्राप्त राजस्व | ० | ० | ० |
| ३ | आन्तरिक अनुदान खाता | ० | ० | ० |
| ४ | चालु खर्च खाता | ५७७२१०४.६१ | १०४६०४९०.६१ | ४६८८३८६ |
| ५ | पूँजीगत खर्च खाता | १५१५७४२४ | २४५१९७३१ | ९३६२३०७ |
| ६ | विविध खर्च खाता | ० | ० | ० |
| ७ | स्थानीय तह धरौटी खाता | ० | ० | ० |
| ८ | स्थानीय तह संचित कोष | ६५०४३२२७.९८ | ४७६१६५५९.४९ | (१७४२६६६८) |
| ९ | स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | १६२४८२६.२२ | ४७०८५३.११ | (११५३९७३) |
| **जम्मा रु** | | | | ४५२९९४८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३.५ | | | **वित्तीय विवरणको यथार्थता-** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ७,६८,२४,९२६।-, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. २,५८,०७,५५९।-, आन्तरिक मामिला तथा कानून मन्त्रालय को रु. १३,५०,०००।- र मुख्यमन्त्री रोजगार, उद्यमशीलता तथा आयआर्जन कार्यक्रमको रु. १,६३,८६,९३६।- समेत गरी रु १२,०४,७४,४२१।-खर्च सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ । | |
| ४ | | | **अनुदान फिर्ता**<br>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची २१) अनुसार २०७९ असार मसान्तमा बाँकी रहेको रु ४,६८,३६,२८०।– मिति २०७९।४।५ मा फिर्ता गरेको पाईयो । अनुदान समय मा नै फिर्ता गर्नुपर्दछ । | |
| ५ | | | **आन्तरिक नियन्त्रण प्रणालीः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा लागू गरेको पाईएन । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन् ।<br><br>:<br>· पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br>· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>· विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।<br>· वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br>· जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>· कार्यालयले उद्वेश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।<br>· स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>· ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>· सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>· संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>· सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>· वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको पाईएन ।<br>· सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को दफा अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>· निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>आन्तरिक नियन्त्रण प्रणाली कमजोर हुँदा सार्वजनिक सेवा प्रवाह र आर्थिक प्रशासन कमजोर भई कार्य प्रभावकारीतामा असर पर्दछ । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ६ | | | **बजेट तथा कार्यक्रम** | |
| ६.१ | | | **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादात्म्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएतापनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६.२ | | | **बजेट पेश, पारित र अख्तियारी-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्त भित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री सुस्मिता सिंह शाही ले मिति २०७८।०३।१० गते रु.४० करोड २८ लाख ८७ हजार ९ को बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।०३।३० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।०४।०७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६.३</td><td></td><td></td><td>

**त्रैमासिक खर्चः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

<table>
<tr><td rowspan="2">क्र.स.स</td><td rowspan="2">बजेट उपशिर्षक</td><td rowspan="2">कुल खर्च</td><td colspan="5">त्रैमासिक खर्च</td></tr>
<tr><td>प्रथम त्रैमासिक</td><td>दोस्रो त्रैमासिक</td><td>तेस्रो त्रैमासिक</td><td>चौथो त्रैमासिक</td><td>आषाढ महिना</td></tr>
<tr><td>१</td><td>चालु खर्चतर्फ</td><td>२०४९७१५३५</td><td>४३०४०५४५.८०</td><td>१९१७४६४९</td><td>५५४३२१५६।२०</td><td>८७३२४१८४</td><td>६८८५३०९६</td></tr>
<tr><td>२</td><td>पूँजिगत खर्चतर्फ</td><td>१३१५७३६७१</td><td>०</td><td>११९९३५२८</td><td>२०६०४९९६</td><td>९८९७५१४७</td><td>७५८६२५९९</td></tr>
<tr><td colspan="2">जम्मा खर्च</td><td>३३६५४५२०६</td><td>४३०४०५४५.८०</td><td>३११६८१७७</td><td>७६०३७१५२.०</td><td>१८६२९९३३१</td><td>१४४७१५६९५</td></tr>
<tr><td colspan="3">जम्मा खर्चको तुलनामाः</td><td>१२.८</td><td>९.३</td><td>२२.६</td><td>५५.३०</td><td>४३</td></tr>
</table>

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. ३३ करोड ६५ लाख ४५ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. ४ करोड ३० लाख ४० हजार अर्थात १२.८ प्रतिशत, दोश्रो त्रैमासिकमा रु ३ करोड ११ लाख ६८ हजार अर्थात ९.३ प्रतिशत, तेश्रो त्रैमासिकमा रु. ७ करोड ६० लाख ३७ हजारअर्थात २२.६ प्रतिशत, चौथो त्रैमासिकमा १८ करोड ६२ लाख ९९ हजार अर्थात ५५.६० प्रतिशत खर्च गरेको देखिएको छ । आषाढ महिनामा मात्र रु. १४ करोड ४७ लाख १५ हजार अर्थात ४३ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ ।

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६.४ | | | **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु. १७ लाख ७८ हजार ९९८,राजस्व बाँडफाँड र अनुदानबाट रु. ६ करोड ६३ लाख ३२ हजार समेत रु. ६ करोड ८१ लाख ११ हजार आम्दानी भएकोमा चालु तर्फ रु. २० करोड ४९ लाख ७१ हजार र पूँजिगत तर्फ रु. १३ करोड ५७ लाख ३ हजार समेत रु ३३ करोड ६५ लाख ४५ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.५२ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु १ करोड ३७ लाख ८२ हजार खर्च भएको छ जुन आन्तरिक आयको प्रति ७७५ प्रतिशत हुन जान्छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६१ प्रतिशत चालु र ३९ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ । | |
| ६.५ | | | **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्ष पछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६.६</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्चको स्थितिः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।<br><br>
<table>
<tr><th>क्र.स</th><th>क्षेत्र</th><th>बजेट</th><th>खर्च</th><th>खर्च प्रतिशत<br>जम्मा खर्चको तुलनामा</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>२५८६००००</td><td>२०६६९९४५</td><td>६</td></tr>
<tr><td>२</td><td>पूर्वाधार विकास</td><td>१०५७६१८५०</td><td>६३२७७२२१</td><td>१९</td></tr>
<tr><td>३</td><td>सामाजिक विकास</td><td>२०१००२४००</td><td>१५१०२१६८४</td><td>४५</td></tr>
<tr><td>४</td><td>बातावरण तथा विकास</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>५</td><td>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</td><td>१५१३६०००</td><td>१३१४८३२९</td><td>४</td></tr>
<tr><td>६</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>९१८७६७५९</td><td>८८४२८०२७</td><td>२६</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४३९६३७००९</td><td>३३६५४५२०६</td><td>१००</td></tr>
</table>
<br>उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये रकम रु ४३,९६,३७,००९।- मा सबैभन्दा बढी सामाजिक विकासमा ४५ प्रतिशत र वातावरण तथा विकासमा खर्च शून्य रहेकोले दिगो विकासको लक्ष्य प्राप्ति गर्ने गरी खर्च गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>संगठन तथा कर्मचारी व्यवस्थापन</td><td></td></tr>
<tr><td>७.१</td><td></td><td></td><td>प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा ४३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित १८ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जिनियर, जनस्वास्थ्य अधिकृत सहित २५ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७.२</td><td></td><td></td><td>करार कर्मचारी: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु.१,०७,७३,३१७।- भुक्तानी गरेको पाइयो। ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.
<table>
<tr><th>पद</th><th>नियुक्ति संख्या</th><th>तलव भत्ता रु.</th></tr>
<tr><td>सब इन्जिनियर</td><td>१</td><td>४५९६६०</td></tr>
<tr><td>अ स इ</td><td>१</td><td>४३३५३०</td></tr>
<tr><td>अ हे व</td><td>७</td><td>३०३४७१०</td></tr>
<tr><td>अ न मी</td><td>१०</td><td>४३३५३००</td></tr>
<tr><td>स क अ</td><td>१</td><td>४५७५३०</td></tr>
<tr><td>ल्या असिष्टेण्ट</td><td>२</td><td>८६७०६०</td></tr>
<tr><td>खा पा स टे</td><td>१</td><td>४३३५३०</td></tr>
<tr><td>वन स्रोत व्यक्ति</td><td>१</td><td>३१०७९४</td></tr>
<tr><td>पूर्ण सरसफाई कार्यक्रम संयोजक</td><td>१</td><td>४४१२०३</td></tr>
<tr><td colspan="2">जम्मा रकम रु</td><td>१०७७३३१७</td></tr>
</table>
</td><td>१०,७७३,३१७</td></tr>
<tr><td>७.३</td><td></td><td></td><td>कल्याण कोषः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८ | | | **कानून र सञ्चालन स्थिति–**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १३ वटा ऐन, ३ वटा नियमावली, २० कार्यविधि लगायत ३९ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । साथै पालिकाले ३९ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि ११ वटा कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनु पर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९</td><td></td><td></td><td>धरौटी फिर्ताः<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(२)क मा विल विजकको भुक्तानीमा कट्टि गरिएको रिटेन्सन मनि वापतको ५ प्रतिशतले हुने रकम धरौटी फिर्ता गर्दा कर कार्यालयमा कर विवरण पेश गरेको प्रमाण पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले तपशिलमा उल्लिखित फर्म तथा कन्स्ट्रक्सन को धरौटी फिर्ता गर्दा सम्बन्धित फर्मको मुल्य अभिबृद्धी कर समायोजन पत्र संलग्न नगरी धरौटी फिर्ता गरेको देखिएकोले सो को प्रमाण पेश गर्नुपर्ने रु.<br>
<table>
<tr><th>भौ नं। मिति</th><th>फर्मको नाम</th><th>रकम</th></tr>
<tr><td>४।२०७८।९।२८</td><td>पन्त बडिमालिका जे भी</td><td>२३८४४८</td></tr>
<tr><td>५।२०७८।९।२८</td><td>भवानी निर्माण सेवा</td><td>१७४०००</td></tr>
<tr><td>६।२०७८।१०।१२</td><td>एस भी कन्स्ट्रक्सन</td><td>२५९८३७</td></tr>
<tr><td>८।२०७८।१०।२८</td><td>रारा मेडिसिन एण्ड सर्जिकल डिष्ट्रिब्युटर्स प्रा लि</td><td>९४१८७</td></tr>
<tr><td>१२।२०७९।१।१७</td><td>हिमाल कन्स्ट्रक्सन</td><td>२०११९८</td></tr>
<tr><td>१३।२०७९।३।१४</td><td>न्यू भेरी इन्जिनियरिङ वर्कशम</td><td>६४०००</td></tr>
<tr><td>१४।२०७९।३।१७</td><td>दिर्घायु घनिष्ट निर्माण सेवा</td><td>१८२३५२</td></tr>
<tr><td>१५।२०७९।३।२५</td><td>आर वि कन्स्ट्रक्सन</td><td>९७७१४</td></tr>
<tr><td>१८।२०७९।३।२५</td><td>आर वि कन्स्ट्रक्सन</td><td>२४००००</td></tr>
<tr><td>१७।२०७९।३।२५</td><td>रविन्द्र निर्माण सेवा</td><td>३१०९५६</td></tr>
<tr><td colspan="2">जम्मा रु</td><td>१८६२६९२</td></tr>
</table></td><td>१,८६२,६९२</td></tr>
<tr><td>१०</td><td></td><td></td><td>आर्थिक सहायता र अन्य विविध खर्च</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १०.१ | | | **अन्य संस्था खर्च:** सरकारी श्रोत तथा सम्पत्तिको प्रयोग गर्दा अधिकार प्राप्त अधिकारीले आफुलाई वा कुनै खास व्यक्ति वा वर्गलाई फाईदा हुने गरी सरकारी धन खर्च गर्न वा सरकारी मालसामान दिने गरी निकासा दिन नहुने व्यवस्था छ । पालिकाले आफ्नो जिम्मेवारी तथा मातहत एवं प्रयोगमा नरहने सनातन इकता कृषि सहकारी संस्थालाई सामाग्री खरिद अनुदान वापत दिएको रु.२,८९,७४४।- नियम सम्मत नदेखिएको रु. | २८९,७४४ |
| १०.२ | | | **खाना तथा विविध खर्च** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु. १४ लाख खर्च गरेको छ । चालु प्रकृतिका यस्ता खर्च मापदण्ड बनाएर मात्र गर्नुपर्दछ । | |
| १०.३ | | | **आर्थिक सहायता**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । पालिकाले यस वर्ष रु. १,९५,०००।- आर्थिक सहायता वितरण गरेका छन् । उक्त खर्च सम्बन्धमा मापदण्ड तयार गरी लागू गरेको छैन । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| ११ | | | **सेवा प्रवाह मूल्यांकन** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११.१ | | | **सेवाप्रवाहको स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार १३ वटा ऐन, ३ वटा नियमावली तथा २० वटा कार्यविधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ० |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | ३५९ |
| मृत्युदर्ता | ३७ |
| बसाईसराई दर्ता | २३ |
| विवाह दर्ता | ४१ |
| सम्बन्धविच्छेद दर्ता | ० |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | ० |
| कालोपत्रे सडक मर्मत | ० |
| ग्राभेल सडक निर्माण | ० |
| ग्राभेल सडक मर्मत | ० |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाह मध्ये पुर्वाधार निर्माणको लक्ष्य सहित प्रगति हासिल गर्नुपर्नेमा पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन । पालिकाले पुर्वाधार विकास तर्फ रु. ६,३२,७७,२२१।- खर्च गरको भएता पनि सो बाट के के काम गरेको हो सो को विवरण पेश गरेको देखिएन । वस्ति विकासको कामलाई व्यवस्थित गर्न घर नक्सा पासलाई प्राथमिकता तथा पुर्वाधार निर्माणमा जोड दिनु पर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११.२ | | | **वडा सचिवको पदपूर्ति :** पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी अनुसार पदपूर्ति हुनुपर्नेमा ६ वडा सचिव दरवन्दी रहेकोमा वडा नं ५ मा सचिव पद रिक्त रहेको छ । यसबाट पञ्जिकरण लगायतका सेवा प्रवाहमा असर परेकोले दरवन्दी अनुसार पदपूर्ति गर्नुपर्दछ । | |
| १२ | | | **सम्पत्ति व्यवस्थापन:**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार पालिकाले सम्पत्तिको व्यवस्थित अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट जस्ता मूल्यवान सामानहरु जिम्मेवारी सारेको पाईएन । हस्तान्तरण भई आएको र खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । साथै नेपाल सरकारको २०७७।७।२० को निर्णय अनुसार लागू भएको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली आंशिक मात्र प्रयोग गरेको पाइएकोले सम्पत्ति व्यवस्थापनमा आवश्यक सुधार गर्नुपर्दछ । | |
| १३ | | | **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च–**<br>पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वियन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ। यस स्थानीय तहले पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु. १६,७६,५००।– भुक्तानी दिएको पाईयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| १४ | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| १५ | | | **पेश्की** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५.१ | | | **म्याद नाघेको पेश्की:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७(४) बमोजिम पेश्की फस्र्योट हुनुपर्दछ । त्यस्तै नियम ५१(१) अनुसार सरकारी रकम पेश्की लिने कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकिएको म्यादभित्र पेश्की फस्र्योटको लागि आवश्यक कागजात पेश नगरेमा त्यस्तो पेश्की रकममा म्याद नाघेको मितिले बार्षिक १०% का दरले ब्याज लगाई समेत असुल गरिने भन्ने उल्लेख छ । प्राप्त विवरण अनुसार पेश्की फस्र्योट नभई बाँकी रहेकाले नियमानुसार असुल फस्र्योट हुनुपर्ने रू. | ४,६००,००० |

| पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | म्याद नाघेको |
|---|---|---|
| कृष्ण आ.वि माझखर्क ठाटीकाँध गा.पा ३ (४ कोठे भवन) | श्री कृष्ण आधाभूत विधालय माझखर्क | १०,८०,०००.०० |
| नेरा आ.वि सुइयाँ ठाटीकाँध गा.पा ३ (२ कोठे भवन) | श्री नेपाल राष्ट्रिय आधारभुत विध्यालय | ५,२९,२००.०० |
| जनता आधारभुत विधालय थापाटोल ठाटीकाँध दैलेख | जन आ बि ठाटिकाँध गा पा ६ थापाटोल दैलेख | ६,००,०००.०० |
| कृष्ण मा.वि ठाटीकाँध गा.पा १ (४ कोठे भवन) | श्री कृष्ण माध्यमिक विधालय, लकान्द्र | ८,९०,८००.०० |
| भिमपाइला खानेपानी योजना ठाटीकाँध गा.पा २ दैलेख | भिमपाइला खानेपानी योजना ठाटीकाँध गा पा २, दैलेख | ४,५०,०००.०० |
| रानाकाटीया बसौटा खानेपानी आयोजना | रानाकाटीया वसौटा खानेपानी निर्माण योजना उ.स | ८,४०,०००.०० |
| कोसेडि सिचाई पोखरि निर्माण योजना | कोसेडी सिचाई पोखरि निर्माण ठाटीकाँध गा.पा १ दैलेख | २,१०,०००.०० |
| जम्मा पेश्की बाँकी | | ४६,००,०००.०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५.२ | | | **म्याद ननाघेको पेश्की -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष निम्नानुसार रु. १,३०,००,०००।- पेश्की दिएको छ । उक्त पेश्की आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फस्र्योट गर्नुपर्दछ । | |

| पेश्कीकोविवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | म्याद ननाघेको |
|---|---|---|
| १५ शैया अस्पताल | रविना शाहि प्रशंसा जे भि | १३००००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६ | | | **योजनाको प्राथमिकीकरण -**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले आर्थिक वर्ष २०७८।७९ मा निम्नअनुसार ६ वडाको लागि वडागत र पालिकास्तरका कुल योजनामा वजेट विनियोजन गरेको छ। | |

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५ लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | वडास्तरीय | ९८ | ० | ३ | ९५ |
| २. | पालिकास्तरीय | ८९ | १८ | ३६ | ३५ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ८० योजनामात्र कार्यान्वियन भई ५० योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७ | | | **सवारीसाधन खरिद** –<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले ३ थान दुई पांग्रे सवारी साधन खरिदमा रु. १० लाख ८८ हजार ३ सय ८० बजेटबाट खर्च गरेको छ । उक्त मोटरसाईकल कार्यालयको नाममा नामसारी समेत गरेको छैन । अतः नामसारी भएको ब्लु बूक पेश गरी निर्देशिका पालना नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाई यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ । | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण -**<br>स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको तथा अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु गराउनु पर्दछ । | |
| १९ | | | **सुचना प्रविधि** | |
| १९.१ | | | **सफ्टवेयर खरिद** - नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउनुपर्ने व्यबस्था रहेको छ । पालिकाले मालिका ईन्फोसिस एण्ड सर्भिसेज प्रा.लि बाट योजना अनुगमन मुल्यांकन सफ्टवेयर खरिद गरी रु. ३,३९,०००।– खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यसरी खरिद गरिएका सफ्टवेयर हाल सम्म प्रयोगमा आएको नदेखिएकोले सो सफ्टवेयर प्रयोग गरी सो को प्रमाण पेश गर्नु पर्ने रु. | ३३९,००० |
| १९.२ | | | **सूचना प्रविधि पद्धतिः** सूचना प्रविधि नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसँग लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधि सँग सम्बन्धित प्रणाली व्यवस्था, प्रवेश नियन्त्रण लगायतका विषय समावेश हुन्छन् । सूचना प्रविधि नियन्त्रण वातावरणका सम्बन्धमा पालिकाले निम्न अनुसारका कार्य गरेको छैनः<br>• कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधि पद्धतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो नभएको,<br>• सूचना प्रविधि पद्धतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र मलेप फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन नगरेको,<br>• सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधि लागू नगरेको र त्यसको अभिलेख मलेप फाराम ९०३ मा नराखेको,<br>• सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था नभएको । | |
| २० | | | **पदाधिकारी बैठक तथा अनुगमन भत्ता** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २०.१ | | | कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ को दफा १० मा स्थानीय तहका पदाधिकारी र सदस्यहरुलाई बैठक भत्ता वापत ऐनको अनुसुची २ बमोजिम बैठक भत्ता वापत प्रति महिना बढीमा ३ वटा मात्र बैठकको प्रति वैठक रु.१,५००।- बैठक भत्ता दिने तथा सोही ऐनको दफा १५(२) मा सो ऐनले व्यवस्था गरेको भन्दा बाहेक अन्य कुनै सुविधा नदिने उल्लेख छ । पालिकाका पदाधिकारीलाई कार्यपालिका तथा सभाको दोहोरो बैठक भत्ता भुक्तानी गरेको देखिएकोले असुल गर्नु पर्ने रु. | ७,६५० |

| भौ नं / मिति | नाम | पद | विवरण | रकम | कैफियत |
|---|---|---|---|---|---|
| ३०३।२०७९।३।२१ | धीर बहादुर शाही | अध्यक्ष | बैठक | ३८२५ | शिक्षा योजना निर्माण कार्यदलको बैठक |
| | सुस्मिता सिंह | उपाध्यक्ष | | ३८२५ | |
| | जम्मा रु | | | ७६५० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २०.२ | | | **अनुगमन भत्ताः.** कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ को दफा ७ मा पदाधिकारीले अनुसुचीमा तोकिए बमोजिम अनुगमन भत्ता पाउने उल्लेख छ । पालिकाले निम्नानुसारका पदाधिकारीलाई मासिक रुपमा अनुगमन भत्ता भुक्तानी गरेको अवस्थामा समेत योजना तथा कार्यक्रममा अनुगमन गरेको भनी रु. ५१९७५।– भुक्तानी गरेको देखिएकोले दोहोरो अनुगमन भत्ता वापतको रकम असुल गर्नु पर्ने रु. | ५१,९७५ |

| भौ नं / मिति | नाम | पद | विवरण | जम्मा रु | कैफियत |
|---|---|---|---|---|---|
| २३८।२०७९।३।२५ | रुप विश्वकर्मा | वडा अध्यक्ष | अनुगमन | २०४० | आलु पकेट विकास कार्यक्रमको अनुगमन |
| | रक्ष बहादुर शाह | अध्यक्ष | | १०७१० | बाली उत्पादन प्रवर्ध्दन कार्यक्रमको अनुगमन |
| | देविराम वडुवाल | उपाध्यक्ष | | ६३७५ | |
| २१४।२०७९।३।२४ | रक्ष बहादुर शाह | अध्यक्ष | अनुगमन | ३८२५ | बालश्रम मुक्त पालिका घोषणाको अनुगमन |
| | देविराम वडुवाल | उपाध्यक्ष | | ३८२५ | |
| ३९७।२०७९।३।२५ | देविराम वडुवाल | उपाध्यक्ष | अनुगमन | १०२०० | योजना अनुगमन |
| मुख्यमन्त्री रोजगार | देविराम वडुवाल | उपाध्यक्ष | अनुगमन | १५००० | योजना अनुगमन |
| | जम्मा रु | | | ५१९७५ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१ | | | **भ्रमण खर्च**<br>कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् .<br>· अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>· नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br>· भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br>· कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/ गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br>· स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br>तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।<br>:<br>**भ्रमण भत्ताः** कर्णाली प्रदेश तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ को दफा १२ अनुसार अनुसुचि २ को द्रस्टव्य बमोजिम सरकारी कामकाजको लागि जिल्ला बाहिर भ्रमण गरेको अवस्थामा मात्र अनुसुचि बमोजिमको दैनिक भ्रमण भत्ता उपलब्ध हुने व्यवस्था छ । पालिकाले यस वर्ष देहायका पदाधिकारीहरुलाई सरकारी कामकाजको लागि जिल्ला भित्र भ्रमण गरेको अवस्थामा दैनिक भ्रमण भत्ता वापत भुक्तानी गरेको रकम असूल गर्नुपर्ने रु. | ४९,४०० |

| गो.भौ.नं र मिति | नाम थर | पद | भ्रमण स्थान | दिन | रकम |
|---|---|---|---|---|---|
| १८७।२०७८।१२।७ | मन बहादुर सिंजापति | वडा अध्यक्ष | दैलेख | ६ | ७००० |
| | पंख बहादुर शाही | वडा अध्यक्ष | दैलेख | ११ | १४००० |
| | दल बहादुर सुनार | वडा अध्यक्ष | दैलेख | ३ | ३५०० |
| | रुप विश्वकर्मा | वडा अध्यक्ष | दैलेख | ६ | ९५०० |
| ३२६।२०७९।३।२२ | रुप विश्वकर्मा | वडा अध्यक्ष | दैलेख | १२ | १०००० |
| ४४।२०७८।८।६ | धिर बहादुर शाही | गा पा अध्यक्ष | दैलेख | ४ | ५४०० |
| जम्मा रु | | | | | ४९४०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २२ | | | **गाडी भाडा ईन्धन तथा मर्मत:**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ अनुसार वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । पालिकाले यो वर्ष सम्बन्धित शिर्षकमा बजेट विनियोजन गरी गाडी भाडामा रु.२,८५,५००।- , ईन्धनमा रु.१८,४८,०००।- र मर्मतमा रु.३७,१७,३९६।– खर्च गरेको छ । कन्टिन्जेन्सी बाट समेत यि शिर्षकमा खर्च गरेको देखिन्छ। पालिकालाई अत्यावश्यक पर्ने क्षेत्रमा मात्र यस्ता खर्च गर्नुपर्नेमा आवश्यकताको पहिचान समेत नगरी गरीने यस्ता खर्चमा नियन्त्रण हुनु पर्दछ । | |
| २३ | | | **खर्च मितव्ययीताः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ को उपदफा २ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नुपर्ने उल्लेख छ, दफा ३१ र ३२ मा आन्तरिक नियन्त्रणको व्यवस्था छ । गाउँपालिका पूर्ण सरसफाई र वन संरक्षण कार्यक्रमको नाम दिइ दैनिक रु ६,६० का दरले डोर हाजिर फाराम संलग्न गरी निम्नानुसारका ज्यामीलाई ज्याला भुक्तानी गरेको छ । यस प्रकारका कार्यहरु प्रधानमन्त्री रोजगारबाट हुने देखिन्छ । साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त भएको देखिएन । अतः सार्वजनिक सुनुवाई समेतको आधारमा पुष्ट्याई पेश हुनुपर्ने रु | ३,०७२,६१५ |

| भौ नं / मिति | विवरण | संख्या | जम्मा ज्याला रु |
|---|---|---|---|
| १९१।२०७९।१२।१९ | पूर्ण सरसफाई | १९ जना | ६९५२१० |
| १९२।२०७८।१२।१९ | वन संरक्षण | ३८ जना | १३५२८८५ |
| २९१।२०७९।३।१८ | पूर्ण सरसफाई | १९ जना | ३४७६०५ |
| २९०।२०७९।३।१८ | वन संरक्षण | ३८ जना | ६७६९१५ |
| जम्मा रु | | | ३०७२६१५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२४</td><td></td><td></td><td>
बैठक भत्ताः<br>
अर्थमन्त्रालय बजेट तथा कार्यक्रम महाशाखाको कार्य संचालन निर्देशिका, २०७७ को दफा ७.१.१ वैठक भत्ताको मापदण्ड सि.नं. १ मा एउटै निकाय र अन्तर्गतका पदाधिकारी तथा कर्मचारी वस्ने वैठकमा भत्ता प्रदान नगर्ने उल्लेख छ । पालीकाले विभिन्न समयमा विभिन्न समिति तथा कार्यहरुमा भएको बैठक वापत कार्यालयकै कर्मचारी तथा पदाधिकारी मात्र उपस्थित भएकोमा बैठक भत्ता दिएको देखिएकोले भुक्तानी गर्न नमिल्ने रकम भुक्तानी सिफारिस गर्ने र दिने दुवैलाई जिम्मेवार बनाई असुल गर्नुपर्ने रु.
<table>
<tr><th>भौ नं / मिति</th><th>विवरण</th><th>जम्मा रु</th><th>कैफियत</th></tr>
<tr><td>२१४।२०७९।३।२४</td><td>५ जना</td><td>१४८७५</td><td>गणक नियुक्तिको बैठक</td></tr>
<tr><td rowspan="2">३०३।२०७९।३।२१</td><td>१७ जना</td><td>५३५५०</td><td>शिक्षा योजना निर्माण कार्यदलको बैठक</td></tr>
<tr><td>१४ जना</td><td>४२०७५</td><td>शिक्षा पाश्व चित्र निर्माण कार्यदलको बैठक</td></tr>
<tr><td>२०७९।२।६</td><td>१९ जना</td><td>४३३५०</td><td>मूल्यांकन समितिको बैठक</td></tr>
<tr><td colspan="2">जम्मा रु</td><td>१५३८५०</td><td></td></tr>
</table>
</td><td>१५३,८५०</td></tr>
<tr><td>२५</td><td></td><td></td><td>
सहभागी भत्ताः<br>
अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७७ अनुसार सहयोगी भत्ता वापत जिल्ला भित्र २१ कार्य दिन सम्मको रु. ७०० निर्धारण गरेको छ । तपशिलमा उल्लिखित कार्यक्रममा तोकिएको दर भन्दा बढी दरमा सहभागी भत्ता भुक्तानी गरिएकोले सम्बन्धित बाट असुल गर्नुपर्ने रु
<table>
<tr><th>भौ नं /मिति</th><th>कार्यक्रम</th><th>विवरण</th><th>दिएको दर</th><th>दिनुपर्ने दर</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>८३।२०७८।९।१२</td><td>परिचयपत्र वितरणकार्यक्रम</td><td>३३ जना</td><td>१५००</td><td>७००</td><td>२६४००</td></tr>
<tr><td>१२४।२०७९।३।१४</td><td>एसएमएनएच कार्यक्रम</td><td>८ जना</td><td>१०००</td><td>७००</td><td>२४००</td></tr>
<tr><td></td><td>सुत्केरी पछिको जाँचकार्यक्रम</td><td>८ जना</td><td>१०००</td><td>७००</td><td>२४००</td></tr>
<tr><td>२०१।२०७९।३।२३</td><td>सामाजिक सुरक्षासम्बन्धी तालिम</td><td>१६ जना</td><td>१५००</td><td>७००</td><td>१२८००</td></tr>
<tr><td></td><td>जम्मा रु</td><td></td><td></td><td></td><td>४४०००</td></tr>
</table>
</td><td>४४,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२६</td><td></td><td></td><td>
पारिश्रमिक करः<br>
आयकर ऐन, २०५८ को दफा ४ को अनुसूची १ (२) अनुसार बार्षिक आयमा कर गणना गरी भुक्तानी दिँदा कट्टा गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाको विभिन्न शाखामा कार्यरत निम्नानुसारको कर्मचारीको परिश्रमिक कर कट्टी नगरेकोले पारिश्रमिक कर असुल गरी दाखिला गर्नु पर्ने रु.
<table>
<tr><th>कर्मचारीको नाम</th><th>पद</th><th>वार्षिक आय</th><th>कर योग्य आय</th><th>जम्मा कर</th></tr>
<tr><td>कमल प्रसाद उपाध्याय</td><td>प्रमुख प्रशासकीय अधिकृत</td><td>६५९८५८</td><td>११८६८२</td><td>१२२५</td></tr>
<tr><td>पदम बहादुर बम</td><td>खरिदार</td><td>६११७३०</td><td>२०१७०</td><td>२०१६</td></tr>
<tr><td>रविन्द्र भण्डारी</td><td>प नि सु</td><td>५८७३०५</td><td>७९२९</td><td>७९३</td></tr>
<tr><td>लिला कुमारी चन्द</td><td>सि अ न मी</td><td>६३०१९०</td><td>४७२०२</td><td>४७२८</td></tr>
<tr><td colspan="4">जम्मा रु</td><td>८७६२</td></tr>
</table>
</td><td>८,७६२</td></tr>
<tr><td>२७</td><td></td><td></td><td>
विल भरपाई<br>
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्ट्याई गर्ने बील भरपाई संलग्न हुनुपर्ने व्यवस्था छ । यसका साथै सोही नियमावलीको नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बील, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भूक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने कुरा उल्लेख गरेको छ । तपशिलमा उल्लिखित विवरणमा भरपाई संलग्न नरहेकोले भरपाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु
<table>
<tr><th>भौ नं / मिति</th><th>जिम्मेवार समूह, शाखा तथा व्यक्ति</th><th>विवरण</th><th>परिमाण</th><th>दर</th><th>जम्मा रकम</th><th>कैफियत</th></tr>
<tr><td>२२५।२०७९।३। २५</td><td>स्वास्थ्य शाखा</td><td>न्यानो झोला</td><td>२५७</td><td>७९६</td><td>२०४५७२</td><td>वितरण नगरेकोले यकिन गर्न सकिएन</td></tr>
<tr><td rowspan="3">२०४।२०७९।३। २३</td><td rowspan="3">अर्गानिक तरकारी फलफुल तथा जडिबुटी उत्पादन कृषक समूह</td><td>सिमेन्ट</td><td>४</td><td>९२९</td><td>३७१६</td><td>कविता देवी आलेमगरको बुझेको भरपाई नरहेको</td></tr>
<tr><td>कोदो बिउ</td><td>६</td><td>१००</td><td>६००</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>
</td><td>८३२,७७७</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | सिमेन्ट | ४ | ९२९ | ३७१६ | देविसरा आलेमगरको बुझेको भरपाई नरहेको | |
| | | | | | कोदो बिउ | ६ | १०० | ६०० | | |
| | | | | | सिमेन्ट | ४ | ९२९ | ३७१६ | कौशिला थामी मगरको बुझेको भरपाई नरहेको | |
| | | | | | कोदो बिउ | ६ | १०० | ६०० | | |
| | | | १०९।२०७९।३।२ | उद्यम विकास शाखा | ढाका कपडा | २३०० | १८.५८ | ४२७३४ | वितरण गरेको भरपाई नरहेको | |
| | | | | | | १३५० | १०.६१ | १४३२३ | | |
| | | | ४०।२०७८।९।२८ | हस्त बहादुर थापा | बैठक भत्ता | १ | १००० | १००० | सुस्मिता सिंहको बुझेको भरपाई नरहेको ले असुल | |
| | | | | | | १ | १००० | १००० | अमर बहादुर थापाको बुझेको भरपाई नरहेको | |
| | | | ३८६।२०७९।३।२५ | उद्यम विकास शाखा | कैची | ८ | ७०० | ५६०० | वितरण गरेको भरपाई नरहेको | |
| | | | | | आइरन | ८ | १२०० | ९६०० | | |
| | | | | | टेबुल घर्रा | २ | ५५०० | ११००० | | |
| | | | २।२०७८।११।१९ | लकान्द्र प्राथमिक स्वास्थ्य केन्द्र | सुत्केरी कोशेली | ९७ | २००० | १९४०० ० | बुझेको भरपाई तथा सुत्केरी विवरण यकिन नभएको | |
| | | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (continued below) | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | तोलीजैसी स्वास्थ्य चौकी | | ४१ | २००० | ८२००० | |
| | विशाला स्वास्थ्य चौकी | | ३९ | २००० | ७८००० | |
| | विशाला बाहाकोट सामुदायिक स्वास्थ्य इकाई | | १८ | २००० | ३६००० | |
| | प्याडुली सामुदायिक स्वास्थ्य इकाई | | २४ | २००० | ४८००० | |
| | अंगालडाँडा बर्थिङ सेन्टर | | ३० | २००० | ६०००० | |
| | गैरागाउँ बर्थिङ सेन्टर | | १६ | २००० | ३२००० | |
| जम्मा रु | | | | | ८३२७७७ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८ | | | **करार कर्मचारीलाई भत्ता भुक्तानीः** करारमा कार्यरत कर्मचारीहरुलाई कुनै पनि किसिमका भत्ता भुक्तानी दिन पाउने व्यवस्था छैन । पालिकाले निम्न कर्मचारीहरुलाई वर्षभरी स्थानीय भत्ता र महंगी भत्ता भुक्तानी गरेकोले सो रकम सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु. | १,६५६,५६६ |

| सि नं | नाम | पद | स्थानीय भत्ता | महंगी भत्ता | वार्षिक भुक्तानी |
|---|---|---|---|---|---|
| १ | लव बहादुर सिंजापति | सब इन्जिनियर | ५५१० | २००० | ६२५७० |
| २ | गज बहादुर शाही | अ स इ | ४६०० | २००० | ५१६०० |
| ३ | मन्दिर बहादुर बुढा | स क अ | ४६०० | २००० | ५१६०० |
| ४ | चित्रा बडुवाल | अ न मी | | २००० | २४००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | ५ | नीलम विष्ट | अ न मी | | २००० | २४००० | | |
| | | | | ६ | जयन्ती कुमारी शाही | अ न मी | | २००० | २४००० | | |
| | | | | ७ | भगवती मल्ल | अ न मी | | २००० | २४००० | | |
| | | | | ८ | याम कुमारी घिमिरे | अ न मी | | २००० | २४००० | | |
| | | | | ९ | रमिता शाही | अ न मी | | २००० | २४००० | | |
| | | | | १० | हिमानी शाही | अ न मी | | २००० | २४००० | | |
| | | | | ११ | सिर्जना कुमारी शाही | अ न मी | | २००० | २४००० | | |
| | | | | १२ | शुशिला थापा | अ न मी | | २००० | २४००० | | |
| | | | | १३ | ममता कार्की | अ न मी | | २००० | २४००० | | |
| | | | | १४ | हिमाल गुरुङ | ल्या अ | | २००० | २४००० | | |
| | | | | १५ | हरि बहादुर शाही | ल्या अ | | २००० | २४००० | | |
| | | | | १६ | मिम बहादुर थापा | अ हे व | | २००० | २४००० | | |
| | | | | १७ | अन्जीर कुमारी शाही | अ हे व | | २००० | २४००० | | |
| | | | | १८ | भद्र बहादुर शाही | अ हे व | | २००० | २४००० | | |
| | | | | १९ | धर्मराज रोकाया | अ हे व | | २००० | २४००० | | |
| | | | | २० | मदन वि क | अ हे व | | २००० | २४००० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २१ | शमशेरबाबु कठायत | अ हे व | | १७३३ | २४००० | | |
| | | | | २२ | विपेन थापा | अ हे व | | १७३३ | २०७९६ | | |
| | | | | २३ | कृपाराम थापा | कार्यक्रम संयोजक | ८८०० | २००० | १२९६०० | | |
| | | | | २४ | दिप बहादुर शाही | स्रोत व्यक्ति | ५५०० | २००० | ९०००० | | |
| | | | | २५ | बसन्त प्रसाद रिजाल | ना प स्वा प्रा | ४६०० | २००० | ५११६०० | | |
| | | | | २६ | पूर्ण बहादुर शाही | ना प्रा स | ४६०० | २००० | ५११६०० | | |
| | | | | २७ | देविसरा शाही | ना प्रा स | ४६०० | २००० | ५११६०० | | |
| | | | | २८ | कल्पना कुमारी दशौदी | एम आई एस | ४६०० | २००० | ५११६०० | | |
| | | | | २९ | दिपक बहादुर रावल | फिल्ड सहायक | ४६०० | २००० | ५११६०० | | |
| | | | | ३० | ध्रुव कुमार शाही | पलम्बर | ४६०० | २००० | ५११६०० | | |
| | | | | ३१ | प्रेम बहादुर आलेमगर | का स | ३३८० | २००० | ४४२८० | | |
| | | | | ३२ | गणेश बहादुर शाही | का स | ३३८० | २००० | ४४२८० | | |
| | | | | ३३ | लक्ष्मण थापा | ह स चा | ३३०० | २००० | ४३८०० | | |
| | | | | ३४ | शक्ति बुढा | का स | ३३८० | २००० | ४४२८० | | |
| | | | | ३५ | गन्ज खत्री | का स | ३३८० | २००० | ४४२८० | | |
| | | | | ३६ | खड्क बहादुर थापा | का स | ३३८० | २००० | ४४२८० | | |
| | | | | ३७ | थिर बहादुर खड्का | ना प स्वा प्रा | ४६०० | २००० | ५११६०० | | |
| | | | | ३८ | सरिता शाही | का स | | २००० | २४००० | | |
| | | | | ३९ | मथुरा शाही | का स | | २००० | २४००० | | |
| | | | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ४० | उपेन्द्र वि क | का स | | २००० | २४००० | | |
| | | | | ४१ | सर्मिला कुमारी सिंजापति | का स | | २००० | २४००० | | |
| | | | | ४२ | हिरा थापा | का स | | २००० | २४००० | | |
| | | | | ४३ | प्रेम प्रसाद जैसी | का स | | २००० | २४००० | | |
| | | | | ४४ | जगत बहादुर शाही | का स | | २००० | २४००० | | |
| | | | | ४५ | चन्द्र बहादुर शाही | का स | | २००० | २४००० | | |
| | | | | | जम्मा रकम | | | | १६५६५६६ | | |

२९

**डकुमेन्ट्रि निर्माण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) सरकारी खर्च लेख्नु अधि संलग्न कागजात अनुसार रित पुगे नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ । सरकारी खर्च गर्दा उचित प्रतिफल दिने क्षेत्रमा खर्च गर्नु पर्दछ । पालिकाले निम्नानुसार डकुमेन्ट्रि निर्माण गरी रु. ११,९२,७४०।– भुक्तानी गरेकोमा उक्त डकुमेन्ट्रि उदेश्य बमोजिम प्रभावकारी हुने देखिएन । सरकारी खर्च प्रभावकारी क्षेत्रमा खर्च गर्नु पर्नेमा कार्यालयको अवश्यकता नभएको क्षेत्रमा खर्च गर्ने कार्य नियन्त्रण गरिनु पर्दछ ।

| भौ नं / मिति | विवरण | संस्था | जम्मा रु |
|---|---|---|---|
| १७५।२०७८।११।२६ | वडा नं ४ को भिडियो निर्माण | स्मार्ट कर्णाली मल्टी मिडिया प्रा लि | १९६६२० |
| २२३।२०७९।१।४ | वडा नं ६ को भिडियो निर्माण | स्मार्ट कर्णाली मल्टी मिडिया प्रा लि | १९६६२० |
| २७०।२०७९।३।१० | वडा नं २ को भिडियो निर्माण | स्मार्ट कर्णाली मल्टी मिडिया प्रा लि | १५०००० |
| २६५।२०७९।३।९ | वडा नं ३ को भिडियो निर्माण | वेस्टर्न मल्टीमिडिया नेटवर्क प्रा लि | १५०००० |
| ३०४।२०७९।३।२१ | समग्र पालिकाको भिडियो निर्माण | स्मार्ट कर्णाली मल्टी मिडिया प्रा लि | ४९९५०० |
| जम्मा रु | | | ११९२७४० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३० | | | **पदाधिकारी सुविधा** | |
| ३०.१ | | | **स्थानीय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने ब्यवस्था अनुसार कर्णाली प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु.१,३७,८२,०००।- सुविधा वापत भुक्तानी भएको छ । | |

| सि.नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष ६ जना | कार्यपालिका ६ सदस्य | सभाका सदस्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | ० | ० | ० | ० | ० | ० |
| २ | यातायात खर्च | ० | ० | ० | ० | ० | ० |
| ३ | टेलिफोन,मोबाइल | ३६००० | ३६००० | २१६००० | २१६००० | ६८४००० | ११८८००० |
| ४ | पुस्तक,पत्रीका, ईन्टरनेट | ३६००० | ३६००० | २१६००० | २१६००० | ६८४००० | ११८८००० |
| ५ | समन्वय तथा सहजीकरण | ० | ० | ० | ० | ० | ० |
| ६ | अतिथि सत्कार | ६०००० | ४८००० | २८८००० | २८८००० | ९१२००० | १५९६००० |
| ७ | खानेपानी/बिजुली/ सरसफाई | ४८००० | ३६००० | ७२००० | ७२००० | २२८००० | ४४४००० |
| ८ | चाडपर्व खर्च | १५००० | १५००० | १०८०००० | १०८०००० | ३४२००० | ५६१०००० |
| ९ | अनुगमन मुल्या|कन | १८०००० | १४४००० | ५७६००० | ५७६००० | १८२४००० | ३३००००० |
| १० | सवारी इन्धन | ० | ० | ० | ० | ० | ० |
| | जम्मा | | | | | | १३७८२००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३०.२ | | | **पदाधकारी भुक्तानीः** कर्णाली प्रदेशका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ को दफा ११ मा अनुसूची २ को द्रष्टव्यमा ऐनमा उल्लेखित सुविधा बाहेकको सुविधा नपाउने उल्लेख छ । पालिकाका तपशिल बमोजिमका पदाधिकरीले ऐनमा उल्लिखित सुविधा वेगर अन्य सुविधा समेत उपभोग गरेकाले सम्बन्धित पदाधिकारीबाट असुल गर्नुपर्ने रु. | १६९,७७९ |

| भौ नं / मिति | नाम | पद | विवरण | रकम | कैफियत |
|---|---|---|---|---|---|
| २१।२०७८।६।२१ | मन बहादुर सिंजापति | वडा अध्यक्ष | बाईक मर्मत | ४९२५० | व्यक्तिगत प्रयोजन |
| ४९।२०७८।८।७ | मन बहादुर सिंजापति | वडा अध्यक्ष | बाईक मर्मत | ३४१२९ | व्यक्तिगत प्रयोजन |
| ४५।२०७८।८।६ | सुस्मिता सिंह | उपाध्यक्ष | गाडी भाडा | ७००० | दैलेख बजार गएको |
| | | | गाडी भाडा | १६००० | नेपालगञ्ज गएको |
| | | | गाडी भाडा | १६००० | नेपालगञ्ज गएको |
| ३६२।२०७९।३।२५ | भरत बहादुर बम | वडा अध्यक्ष | विविध खर्च | २५५५० | व्यक्तिगत प्रयोजन |
| १३६।२०७८।१०।२८ | कर्ण शाही | वडा अध्यक्ष | बाईक मर्मत | २१८५० | व्यक्तिगत प्रयोजन |
| जम्मा रु | | | | १६९७७९ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३१ | ६ | २०७८-८-३ | **वाकी मटेला सडक मर्मत:** पालिकाले वाकी मटेला सडक मर्मत गर्न रु.१९,९९,९४१।– को लागत अनुमान तयार गरी हार्ड कपि मार्फत शिलबन्दी दरभाउपत्र आह्वान गरेकोमा घटि कबोल गर्ने बडिमालिका निर्माण सेवा सँग कबोल अंक रु.१९,३०,७१०।६६ अर्थात ०.०४ प्रतिशत मात्र कम गरी सम्झौता गरी यस वर्ष रु.५,३०,०००।– भुक्तानी गरेको देखिएको छ । विद्युतिय प्रणाली(Ebidding) मार्फत फराकिलो प्रतिष्पर्धा गराई सम्झौता गर्नु पर्नेमा सो नगरी सिमित मात्र प्रतिष्पर्धा गराउने उदेश्यले हार्ड कपि मार्फत सम्झौता गर्ने कार्यमा नियन्त्रण गरीनु पर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३२</td><td></td><td></td><td>बि ओ क्यू पेश नभएकोः<br>सार्वजिनक निकायले कुनै विल तथा रनिङ्ग विलको भुक्तानी गर्दा सम्झौता बमोजिम भुक्तानी गर्नुपर्दछ । पालिकाले निम्नानुसारको योजनामा रनिङ्ग विल वापत रु. १३,९१,६६३।– भुक्तानी गर्दा BOQ पेश नगरेकोले BOQ वेगर भुक्तानी दिन सिफारिस गर्ने प्राविधिक, लेखा उत्तरदायी अधिकृत र लेखा प्रमुखलाई जिम्मेवार बनाई पुनः नापजाँच गरी BOQ तयार गरी सो अनुसार बढी भुक्तानी भए ब्याज समेत असूल गरी नियमित गर्नुपर्ने रु<br>
<table>
<tr><td>भौ.नं. मिति</td><td>योजनाको नाम</td><td>फर्मको नाम</td><td>भुक्तानी</td></tr>
<tr><td>२८-२०७८।१०।२६</td><td>ठाटिकाध विजौरा धनकोट सडक</td><td>नान्जिला एण्ड आकांक्षा कन्सट्रक्सन प्राली</td><td>८८४११३</td></tr>
<tr><td>६५-२०७९।१।१५</td><td>ठाटिकाध विजौरा धनकोट सडक</td><td>नान्जिला एण्ड आकांक्षा कन्सट्रक्सन प्राली</td><td>५०७५५०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१३९१६६३</td></tr>
</table></td><td>१,३९१,६६३</td></tr>
<tr><td>३३</td><td></td><td></td><td>सुरक्षित नागरिक आवाश कार्यक्रम:<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा कुनै निर्माण कार्य सम्पन्न भएपछि कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । सुरक्षित नागरिक आवाश कार्यक्रम कार्यविधि, २०७५ को दफा ७ मा अनुसुचि ३ बमोजिमको प्रतिवेदन पेश भई आएमा निर्माण सम्पन्न भएको मानिने उल्लेख छ । पालिकाले यस वर्ष सुरक्षित नागरीक आवाश कार्यक्रमको लागि ५२ जना लाभग्राहीलाई रु. १४,५६,०००।– भुक्तानी गरेकोमा सो को कार्यसम्पन्न भएको प्रमाण पेश नगरेकोले सो को प्रमाण पेश गर्नु पर्ने रु.</td><td>१,४५६,०००</td></tr>
<tr><td>३४</td><td></td><td></td><td>प्राथमिक स्वास्थ्य केन्द्र भवन निर्माण:</td><td></td></tr>
<tr><td>३४.१</td><td></td><td></td><td>जमानत: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४)मा कार्य सम्पादन जमानतको म्याद मर्मत सम्भार अवधि भन्दा १ महिना बढि म्याद अवधि हुनु पर्ने व्यवस्था छ । पालिकाले निर्माण कार्य गर्न निर्माण व्यवसायीसँग सम्झौता गर्दा मर्मत सम्भार अवधि ३६५ दिन हुने भनि उल्लेख गरेकोमा पेश गरेको रु. २५,५६,०००।- को नेपाल बंगालदेश बैंकको NB:001:PB:54383/21 कार्यसम्पादन जमानतको अवधि २४ जुलाई २०२२ सम्म अर्थात नियमावलीले तोकेको भन्दा कम अविधिको भएकोले नियमावलीमा भएको व्यवस्था बमोजिम मर्मत सम्भार अवधि भन्दा १ महिना बढि अवधि भएको कार्यसम्पादन जमानत पेश गर्नुपर्ने रु.</td><td>२,५५६,२००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४.२ | | | **पुर्व निर्धारीत क्षतिपूर्ती:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(क) मा निर्माण व्यवसायीको ढीलाईका कारणले खरिद सम्झौतामा तोकिएको म्याद अनुसार कार्य सम्पन्न हुन नसकेमा बढीमा १० प्रतिशत सम्म पूर्वनिर्धारीत क्षतिपूर्ती तिर्नु पर्ने उल्लेख छ । पालिकाले प्राथमिक स्वास्थ्य केन्द्र निर्माणका लागि रु.१,९९,७०,७१९।- को लागत अनुमान तयार गरी कबोल अंक रु.१,१७,७४,४६१.२५।- मा साझा कन्स्ट्रक्सन सगँ २०७८।५।११ मा सम्पन्न गरी सक्ने गरी सम्झौता गरेकोमा तोकिएको समयमा सपन्न गर्न नसकि २०७८।११।११ सम्म पहिलो पटक र २०७९।३।३० सम्म दोस्रो पटक गरी २ पटक म्याद थप गरेको देखिन्छ । पहिलो रनिङ्ग विलबाट २०७८।७।१० मा रु.२७,५४,८०५।- भुक्तानी भए पश्चात निर्माण व्यवसायीले थपिएको म्यादमा पालिकाले पटक पटक ताकेता गर्दा समेत हाल सम्म कुनै काम नगरेको तथा म्याद थपका लागि कुनै प्रकृया समेत अगाडी नबढाएकोले निर्माण व्यवसायी भएको सम्झौता अनुसार दैनिक ०.०५ प्रतिशतका दरले अधिकतम १० प्रतिशतले हुन आउने रु.११,७७,४४६.१२।- पूर्वनिर्धारीत क्षतिपूर्ति लागाई बाँकी काम यथासिघ्र सम्पन्न गर्न नियम १२८ अनुसार फरफारक गर्नुपर्ने देखिएको रु. | १,१७७,४४६.१२ |
| ३५ | | | **दशरथ मा वि प्याडुली भवन निर्माण** | |
| ३५.१ | | | **पुर्वनिर्धारीत क्षतिपूर्ती:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(क) मा निर्माण व्यवसायीको ढीलाईका कारणले खरिद सम्झौतामा तोकिएको म्याद अनुसार कार्य सम्पन्न हुन नसकेमा बढीमा १० प्रतिशत सम्म पूर्वनिर्धारीत क्षतिपूर्ती तिर्नु पर्ने उल्लेख छ । पालिकाले दशरथ मा वि प्याडुली भवन निर्माणका लागि रु.८७,८३,१५७।३२ को लागत अनुमान तयार गरी कबोल अंक रु.५२,२०,४५९।६ मा विजय कन्स्ट्रक्सन सँग २०७७।३।३० मा सम्पन्न गरी सक्ने गरी सम्झौता गरेकोमा तोकिएको समयमा सपन्न गर्न नसकि २०७७।९।३० सम्म पहिलो पटक, २०७८।३।३० सम्म दोस्रो पटक, २०७८।९।३० मा तेस्रो पटक र २०७९।३।३० सम्म चौथो पटक गरी ४ पटक म्याद थप गरेको देखिन्छ । सम्झौता पछि रु.९,२३,८००।– पेश्की र पहिलो रनिङ्ग विलबाट २०७८।११।२६ मा रु.१३,९७,७६२।- गरी जम्मा रु.२३,२१,५६२।- भुक्तानी भए पश्चात निर्माण व्यवसायीले थपिएको म्यादमा पालिकाले पटक पटक ताकेता गर्दा समेत हाल सम्म कुनै काम नगरेको तथा म्याद थपका लागि कुनै प्रकृया अगाडी समेत नबढाएकोले निर्माण व्यवसायीसँग भएको सम्झौता अनुसार दैनिक ०.०५ प्रतिशतका दरले अधिकतम १० प्रतिशतले हुन आउने रु.५,२२,०४५.९६।- पूर्वनिर्धारीत क्षतिपूर्ति लगाई बाँकी काम यथासिघ्र सम्पन्न गर्न नियम १२८ अनुसार कारबाही अगाडि बढाउनु पर्ने देखिएको रु. | ५२२,०४५.९६ |
| ३५.२ | | | **अग्रिम पेश्की जमानत:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(४) मा अग्रिम पेश्की जमानतको म्याद पेश्की फर्स्यौट गर्नुपर्ने अवधि भन्दा एक महिना बढीको पेश्की जमानत हुनु पर्ने उल्लेख छ । विजय कन्स्ट्रक्सन दशरथ मा वि प्याडुली भवन निर्माण गाउँपालिकासँग पेश्की लिदाँ पेश गरेको रु.९,२३,८००।– कुमारी बैंकको 026OUTBG200355 को अग्रीम पेश्की जमानतको म्याद ३० अप्रिल २०२० सम्म मात्र भएको र सो पेश्की हाल सम्म पनि फर्स्यौट नगरेकोले अग्रिम पेश्की अविलम्व असुल/फर्स्यौट भएको प्रमाण पेश गर्नुपर्ने देखिएको रु. | ९२३,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५.३ | | | **कार्य सम्पादन जमानत:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४)मा कार्य सम्पादन जमानतको म्याद मर्मत सम्भार अवधि भन्दा १ महिना बढि अवधि हुनु पर्ने व्यवस्था छ । पालिकाले निर्माण कार्य गर्न निर्माण व्यवसायीसँग सम्झौता गर्दा मर्मत सम्भार अवधि ३६५ दिन हुने भनि उल्लेख गरेकोमा पेश गरेको रु. १२,२५,५००।– को कुमारी बैंकको 025OUTBG200230 को कार्यसम्पादन जमानतको अवधि १५ जुन २०२२ सम्म अर्थात नियमावलीले तोकेको भन्दा कम अविधिको भएकोले नियमावलीमा भएको व्यवस्था बमोजिम मर्मत सम्भार अवधि भन्दा १ महिना बढि अवधि भएको कार्यसम्पादन जमानत पेश गर्नुपर्ने रु. | १,२२५,५०० |
| ३६ | | | **कृष्ण मा वि भवन निर्माण:** | |
| ३६.१ | | | **पुर्वनिर्धारीत क्षतिपूर्ती:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(क) मा निर्माण व्यवसायीको ढीलाईका कारणले खरिद सम्झौतामा तोकिएको म्याद अनुसार कार्य सम्पन्न हुन नसकेमा बढीमा १० प्रतिशत सम्म पूर्वनिर्धारीत क्षतिपूर्ती तिर्नु पर्ने उल्लेख छ । पालिकाले कृष्ण मा वि भवन निर्माणका लागि रु.९९,२०,७०६। २३ को लागत अनुमान तयार गरी कबोल अंक रु.५८,१६,८४७।७३ मा विजय कन्स्ट्रक्सन सँग २०७७।३।३० मा सम्पन्न गरी सक्ने गरी सम्झौता गरेकोमा तोकिएको समयमा सपन्न गर्न नसकि २०७७।९।३० सम्म पहिलो पटक, २०७८।३।३० सम्म दोस्रो पटक, २०७८।९।३० मा तेस्रो पटक र २०७९।३।३० सम्म चौथो पटक गरी ४ पटक म्याद थप गरेको देखिन्छ । सम्झौता पछि रु.१०,२९,५००।– पेश्की, पहिलो रनिङ्ग विलबाट २०७८।११।२६ मा रु.२२,३९,७६४।- र दोस्रो रनिङ्ग विल बाट रु.२,२७,०००।- गरी जम्मा रु.३४,९६,२६४।- भुक्तानी भए पश्चात निर्माण व्यवसायीले थपिएको म्यादमा अत्यन्तै न्युन प्रगती गरेको र पालिकाले पटक पटक ताकेता गर्दा समेत हाल सम्म कुनै काम नगरेको तथा म्याद थपका लागि कुनै प्रकृया अगाडी समेत नबढाएकोले निर्माण व्यवसायी सँग भएको सम्झौता अनुसार कवोल रकमको दैनिक ०.०५ प्रतिशतका दरले अधिकतम १० प्रतिशतले हुन आउने रु.५,८१,६८४.७३।- पूर्वनिर्धारीत क्षतिपूर्ति लगाई बाँकी काम यथासिघ्र सम्पन्न गर्न लगाउनुपर्ने देखिएको रु. | ५८१,६८४.७३ |
| ३६.२ | | | **अग्रिम पेश्की जमानत:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(४) मा अग्रिम पेश्की जमानतको म्याद पेश्की फर्स्यौट गर्नुपर्ने अवधि भन्दा एक महिना बढीको पेश्की जमानत हुनुपर्ने उल्लेख छ । विजय कन्स्ट्रक्सनले दशरथ मा वि प्याडुली भवन निर्माण गर्न पालिकासँग पेश्की लिँदा पेश गरेको रु. १०,२९,५००।- कुमारी बैंकको 026OUTBG20035६ को अग्रीम पेश्की जमानतको म्याद ३० अप्रिल २०२० सम्म मात्र भएको र सो पेश्की हाल सम्म पनि फर्स्यौट नगरेकोले अग्रिम पेश्की असुल/फर्स्यौट भएको प्रमाण पेश गर्नुपर्ने रु. | १,०२९,५०० |
| ३७ | | | **कर विजक:**<br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ मा प्रत्येक दर्ता भइको व्यक्तिले तोकिएको अवस्थामा बाहेक प्रापकलाई कर विजक दिनुपर्ने उल्लेख छ । पालिकाले १५ शैया अस्पताल निर्माण गर्ने निर्माण व्यवसायी रविना शाही प्रशंसा जे भी ले पेश गरेको कर विजक रु. १,३६,७४,८३२।३४ भन्दा बढी रु. ६,२४,०७४।६६ भुक्तानी गरेको देखिएकोले बिल भन्दा बढी भुक्तानी दिनेलाई जिम्मेवार बनाई उक्त रकम असुल गर्नुपर्ने रु | ६२४,०७४.६६ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३८</td><td></td><td></td><td>लागत सहभागिता—<br>पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ साथै नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समिति सँग योजना सम्झौता गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>सव कन्ट्याक्टरबाट काम गराएको<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १३(क) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको कुनै कामका निर्माण व्यवसायीलाई संलग्न गराएको पाईएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समितिसँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने निर्माण व्यवसायीलाई कालो सूचिमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गर्नुपर्ने उल्लेख छ । देहायका उपभोक्ता समितिले काम आफै गर्ने गरी सम्झौता गरेकोमा देहायका निर्माण व्यावसायीबाट काम गराएको देखियो । नियमावलीमा भएको व्यवस्था विपरित काम गराउने उपभोक्ता समिति, जाँचपास गर्ने प्राविधिक तथा सिफारिसकर्ता एवं अनुगमनकर्तालाई यस सम्बन्धमा जिम्मेवार वनाई निर्माण व्यवसायीलाई कालो सूचिमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गरेको प्रमाण पेश गरी नियमित गर्नु पर्ने रु.
<table>
<tr><td>योजनाको नाम</td><td>निर्माण व्यवसायीको नाम</td><td>भुक्तानी</td></tr>
<tr><td>भुवाखाडा कालिमाटी सडक निर्माण योजना</td><td>विनिता एण्ड विपासा निर्माण सेवा</td><td>६०७९४०</td></tr>
<tr><td>ठाटिकाध वागवन सडक निर्माण योजना</td><td>विराट निर्माण सेवा</td><td>४१३४०७</td></tr>
<tr><td>वर्थिङ्ग सेन्टर डाडाखाल सडक निर्माण योजना</td><td>बडिमालिका निर्माण सेवा</td><td>९३०७२५</td></tr>
<tr><td>जम्मा</td><td></td><td>१९५२०७२</td></tr>
</table></td><td>१,९५२,०७२</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४० | | | **प्राविधिक बिल र कार्य सम्पन्नः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्यसम्पन्न गर्नुपर्ने मिति र कार्यसम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ४१ | | | **कार्यक्रम कार्यान्वियन पुस्तीकाको पालना नभएको**<br>नेपाल सरकार तथा पालिकाबाट विद्यालयहरुलाई वार्षिक कार्यक्रम अनुसार दिईने एकमुष्ट अनूदान तथा निकासा सम्बन्धमा मानव स्रोत विकास केन्द्र सानोठिमी बाट प्रकाशित कार्यक्रम कार्यान्वन पुस्तीकामा उल्लेख भए अनुसार दिनुपर्ने कानूनी व्यवस्था छ । तर पालिकाले उक्त पुस्तीकामा उल्लेख भएभन्दा बढी हुने गरी निम्नानुसार रु.7,15,026.1बढी निकासा दिएको देखियो । तसर्थ तोकीए भन्दा बढी निकासा भएको रकम असूल गरी सम्बन्धित राजस्व खातामा दाखिला हुनुपर्ने देखिएको रु. | |
| ४१.१ | | | **छात्रवृत्तिः** | १२३,४०० |

| क्र.सं. | विद्यालयको नाम | विद्यार्थी संख्या | हुनुपर्ने निकासा | भएको निकासा | बढी निकासा |
|---|---|---|---|---|---|
| १ | भवानि मा वि | १३९ | ५५६०० | ५७२०० | १६०० |
| २ | देउती मा वि | २२५ | ९०००० | ९७२०० | ७२०० |
| ३ | कालिका प्रा वि | ६६ | २६४०० | २७६०० | १२०० |
| ४ | म.गल प्रवि | ३२ | १२८०० | १५२०० | २४०० |
| ५ | सरस्वती प्रा वि | ३७ | १४८०० | १६००० | १२०० |
| ६ | संगम प्रा वि | ३१ | १२४०० | १५२०० | २८०० |
| ७ | सिर्जना प्रा वि | ३५ | १४००० | १८००० | ४००० |
| | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ८ | जनता प्रा वि | ६६ | २६४०० | ३६४०० | १०००० | | |
| | | | | ९ | दसरथ प्रा वि | २४२ | ९६८०० | ९७६०० | ८०० | | |
| | | | | १० | सुक्र प्रा वि | २६ | १०४०० | १२४०० | २००० | | |
| | | | | ११ | धर्म भक्त प्रा वि | १२० | ४८००० | ५१६०० | ३६०० | | |
| | | | | १२ | कालिका प्रा वि | ३१ | १२४०० | १३६०० | १२०० | | |
| | | | | १३ | गंगालाल प्रा वि | ८३ | ३३२०० | ३४४०० | १२०० | | |
| | | | | १४ | जनता प्रा वि | ६६ | २६४०० | ४२००० | १५६०० | | |
| | | | | १५ | सुर्यदय प्रा वि | ७४ | २९६०० | ३४४०० | ४८०० | | |
| | | | | १६ | मालिका मावि | १७० | ६८००० | ७९६०० | ११६०० | | |
| | | | | १७ | मालिका मा वि | १७० | ६८००० | ८३६०० | १५६०० | | |
| | | | | १८ | बालकल्यान आ वि | ५२ | २०८०० | २९००० | ८२०० | | |
| | | | | १९ | धौलापाडा प्रा वि | ३४ | १३६०० | १५२०० | १६०० | | |
| | | | | २० | सुर्यदेवि प्रा वि | १८ | ७२०० | १०८०० | ३६०० | | |
| | | | | २१ | जन प्रा वि | ७३ | २९२०० | ३३६०० | ४४०० | | |
| | | | | २२ | रामचन्द्र प्रा वि | २५ | १०००० | १२८०० | २८०० | | |
| | | | | २३ | भगवती प्रा वि | ७३ | २९२०० | ३६४०० | ७२०० | | |
| | | | | २४ | शरसान्ति प्रा वि | ५६ | २२४०० | ३१२०० | ८८०० | | |
| | | | | | जम्मा | | | | १२३४०० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४१.२ | | | **पाठ्यपुस्तक अनुदानः** | ४५८,९२६.१ |

| क्र.सं. | विद्यालयको नाम | विद्यार्थी | हुनुपर्ने निकासा | भएको निकासा | बढी निकासा |
|---|---|---|---|---|---|
| १ | भवानी मा वि | ५७६ | ३२१०१६.५ | ५५०९४८ | २२९९३१.५ |
| २ | देवती मा वि | ५०४ | ३३४९१६.८ | ३७५५२८ | ४०६११.२ |
| ३ | जन प्रा वि | १५० | ७९२२१.६ | ८७४१९ | ८१९७.४ |
| ४ | मालिका मा वि ठिमुरे | ३७८ | २४४७२९.३ | २५९११५ | १४३८५.७ |
| ५ | मालिका मा वि पाचाला | ४५५ | २९९६१२.५ | ३१८९०५ | १९२९२.५ |
| ६ | सत्य देवी प्रा वि | २५१ | १४६०४९.४ | १४६५६४ | ५१४.६ |
| ७ | बाल कल्यान आ वि | १०९ | ६८१२९.५ | ७७९९५ | ९८६५.५ |
| ८ | दशरथ मा वि | ४१७ | २७१६८४.१ | २७३५१२ | १८२७.९ |
| ९ | श्री कृष्ण मा वि | ११०२ | ६३४०३३.२ | ७६८३३३ | १३४२९९.८ |
| | जम्मा | | | | ४५८९२६.१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४१.३ | | | बुक कर्नर र शीक्षण सिकाई सामग्री | ६४,००० |

| क्र.सं. | विद्यालयको नाम | विद्यार्थी संख्या | हुनुपर्ने निकासा | भएको निकासा | बढी निकासा |
|---|---|---|---|---|---|
| १ | भवानी मा वि | ५७६ | ११८६०० | १२७२५० | ८६५० |
| २ | देवती मा वि | ५०४ | ९४३०० | ९८००० | ३७०० |
| ३ | कृष्ण आ वि | १३९ | २४६५० | २९०५० | ४४०० |
| ४ | जन प्रा वि | १०४ | १५६०० | १६३५० | ७५० |
| ५ | श्री कृष्ण मा वि | ११०२ | २२७०५० | २५२२०० | २५१५० |
| ६ | धर्मभक्त प्रा वि | १५० | २२५०० | २४६०० | २१०० |
| ७ | मालिका मा वि | ३७८ | ७०९०० | ८२१५० | ११२५० |
| ८ | बागेश्वरी प्रा वि | ११४ | १७१०० | १९०५० | १९५० |
| ९ | मालिका मा वि | ४५५ | ८५५०० | ८८५५० | ३०५० |
| १० | जन प्रा वि | १५० | २२५०० | २५५०० | ३००० |
| | जम्मा | | | | ६४००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४१.४ | | | बाल विकास प्रति विद्यार्थी लागत | ६८,७०० |

| क्र.सं. | विद्यालयको नाम | विद्यार्थी | हुनुपर्ने निकासा | भएको निकासा | बढी निकासा |
|---|---|---|---|---|---|
| १ | कैष्ण आ वि | ३२ | १०४०० | १२१०० | १७०० |
| २ | जन प्रा वि | ५४ | १७४०० | १९८०० | २४०० |
| ३ | नेरा आ वि | ६५ | १४१०० | २२६०० | ८५०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | नेरा प्रा वि | ३१ | ९५०० | १०५०० | १००० |
| ५ | चुलि प्रा वि | ४६ | १४६०० | १७३०० | २७०० |
| ६ | संगम प्रा वि | ४२ | ११००० | १४६०० | ३६०० |
| ७ | दशरथ मा वि | ७२ | २२८०० | २६१०० | ३३०० |
| ८ | सुर्यदेवि प्रा वि | ३८ | १०२०० | १२५०० | २३०० |
| ९ | धर्मभक्त प्रा वि | ६९ | १९७०० | २५६०० | ५९०० |
| १० | कालिका प्रा वि | ३४ | ११८०० | १७००० | ५२०० |
| ११ | आदर्श प्रा वि | ४६ | १३८०० | १६७०० | २९०० |
| १२ | गंगालाल प्रा वि | ५३ | १२५०० | १६५०० | ४००० |
| १३ | खाटिगाउ प्रा वि | २१ | १०५०० | १५००० | ४५०० |
| १४ | मालिका मा वि पाचाला | ६५ | १७७०० | २०७०० | ३००० |
| १५ | बाल कल्यान आ वि | ३९ | १५१०० | २०८०० | ५७०० |
| १६ | सुर्यदेवि प्रा वि | ३० | ११४०० | १४००० | २६०० |
| १७ | जन प्रा वि | ७१ | ७१०० | ८६०० | १५०० |
| १८ | रामचन्।दार प्रा वि | ३७ | १३३०० | १९६०० | ६३०० |
| १९ | सरस्वती प्रा वि | ५५ | ११५०० | १३१०० | १६०० |
| | जम्मा | | | | ६८७०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२ | | | **मालिका मा वि आईसिटि:** <br>सार्वजनिक खरिद नियमावली २०64 को नियम १२३(क) मा भुक्तानी गर्दा प्राविधिक नापजाचको गरी वास्तविक कार्य सम्पादनको आधारमा मात्र भुक्तानी गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले आई सि टि अनुदान वापत रु.६,४५,६८२।— अनुदान दिएको सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्: | |
| ४२.१ | | | **आई सि टी अनुदान:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४ अनुसार आवश्यकता यकिन गरेर मात्र खरिद गर्नुपर्नेमा पालिकाले दिएको आई सि टी अनुदानबाट विद्यालयले स्मार्टबोर्ड १ थान, अल ईन वान प्रिन्टर १ थान, कम्प्युटर १ थान लगायतको सामग्री खरिद गरेकोमा विद्यालयमा जडान नगरी मौज्दातमा राखेको देखियो । उक्त सामग्री जडान गरी प्रयोग पठनपाठन संचालन गरेको प्रमाण पेश गर्नु पर्ने रु. | ५९५,५१० |
| ४२.२ | | | **खरिद नगरी भुक्तानी:** पालिकाले विद्यालयलाई ई लाईब्रेरी सफ्ट्वेयर खरिद गरेको भनि रु.५०,१७२।– भुक्तानी गरेकोमा स्थलगत निरिक्षण गर्दा सो सफ्टवायर जडान गरेको नदेखिएकोले नगरेको काम भएको भनी भुक्तानी गर्ने संलग्न सबैलाई कारवाही गरी सो रकम असुल गर्नु पर्ने रु | ५०,१७२ |
| ४३ | | | **शिक्षा तर्फ** | |
| ४३.१ | २१२ | २०७९-३-२४ | **सेनिटरी प्याड खरिद**: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा विल भरपाईको आधारमा लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले हिमालयन मेडिसिन कन्सर्नबाट प्रति थान रु.५१.९५ का दरले २७,७४५ थान सेनिटरी प्याड खरिद गरी रु. १६,२८,६२८।– भुक्तानी गरेकोमा सेनिटरी हाल सम्म पनि वितरण नगरी जिन्सीमा थन्किएको देखिएको छ । पालिकाले आवश्यकताको आधारमा मात्र खरिद गर्नु पर्नेमा आवश्यकता पहिचान नगरी बजेट खर्च गर्ने उद्धेश्यले मात्र खरिद गरेको देखिएकोले खरिदमा संलग्न कर्मचारीलाई जिम्मेवार बनाई सो सामान आवश्यक ठाउँमा वितरण गरी सो को प्रमाण पेश गर्नु पर्ने रु. | १,६२८,६२८ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४३.२</td><td></td><td></td><td>राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम: शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वियन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वियनका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा मिति २०७९।१।५ च.नं. ६०१ को निर्देशनको बुँदा नं. २ अनुसार प्राप्त कार्यक्रम अनुरुप तोकिएको डिजाइन ड्रइङ तथा लागत अनुमान अनुसार २ कोठे तथा ४ कोठे भवन निर्माण गर्नुपर्ने व्यवस्था छ । उक्त कार्यक्रमका लागि देहायका विद्यालयलाई रु. ९०,००,०००।- निकासा भएको छ । तर विद्यालय निर्माणसँग सम्बन्धित कागजात सम्बन्धित विद्यालयहरुले पालिकामा पेश गरेका छैनन् । तसर्थ निर्माणसँग सम्बन्धित कागजात तथा कार्य सम्पन्न भएको प्रतिवेदन पेश गर्नुपर्ने रु.
<table>
<tr><th>क्र.सं.</th><th>विद्यालयको नाम</th><th>योजना</th><th>भुक्तानी</th></tr>
<tr><td>१</td><td>कृष्ण आ वि</td><td>४ कोठे भवन</td><td>३६०००००</td></tr>
<tr><td>२</td><td>ने रा आ वि सुईया</td><td>२ कोठे भवन</td><td>१८०००००</td></tr>
<tr><td>३</td><td>कृष्ण मा वि लकान्द्रा</td><td>४ कोठे भवन</td><td>३६०००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>९००००००</td></tr>
</table></td><td>९,०००,०००</td></tr>
<tr><td>४३.३</td><td></td><td></td><td>कृष्ण मा वि आई सि टि: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । पालिकाले आईसिटी ल्याव वापत विभिन्न सामान खरिद गरेको भनि कृष्ण मा वि लाई रु.६,४५,८२८।– भुक्तानी गरेकोमा स्थलगत निरीक्षण गर्दा रिभल्भिङ्ग चेयर रु.१४,६९०।– को १ थान र अफिस टेवल रु.१६,९५०।– को एक थान गरी रु.३१,६४०।– को मात्र सामान खरिद गरेको देखिएकोले बाकिँ रु. ६,१४,१८८।– सिफारिस गर्ने तथा अनुगमन गर्ने पदाधिकारीलाई समेत जिम्मेवार बनाई सम्बन्धित विद्यालयबाट असुल गर्नु पर्ने रु.</td><td>६१४,१८८</td></tr>
<tr><td>४३.४</td><td></td><td></td><td>शिक्षक दरवन्दी र पदपूर्ति - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २९ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छः
<table>
<tr><th>सि.नं</th><th>विद्यालयको नाम</th><th>शिक्षक दरबन्दी</th><th>पदपूर्ति</th><th>पदपूर्तिमध्ये करार</th><th>विद्यार्थी संख्या</th><th>कैफियत</th></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | श्री भवानी मावि बाहाकोट | १३ | १३ | ८ | ६०७ | | | |
| | | | | 2 | श्री देवती मावि गैरागाउँ | ४ | ४ | ३ | ५३१ | | | |
| | | | | 3 | महादेव प्रावि ज्यामीचौर | ३ | ३ | ३ | १०२ | | | |
| | | | | 4 | कालिका प्रावि धन्कोट | ३ | ३ | ३ | ५१ | | | |
| | | | | 5 | कृष्ण आवि माझखर्क | ३ | २ | १ | १५७ | | | |
| | | | | 6 | जन प्रावि भुवाखाडा | ३ | ३ | ३ | १३४ | | | |
| | | | | 7 | दुर्गादेवी प्रावि खुडखुडी | ३ | ३ | २ | १२४ | | | |
| | | | | 8 | नेरा आवि धामीगाउँ | ४ | ४ | २ | ३६२ | | | |
| | | | | 9 | मंगल प्रावि बाचपानी | २ | २ | २ | ४७ | | | |
| | | | | 10 | चुली आवि डाडाखाल | १ | १ | १ | १२७ | | | |
| | | | | 11 | सरस्वती प्रावि बजाया | ३ | ३ | ३ | ६४ | गापा दरबन्दी | | |
| | | | | 12 | संगम प्रावि डाडागैरागाउँ | १ | १ | १ | ७१ | गापा दरबन्दी | | |
| | | | | 13 | सिर्जना प्रावि काँध | २ | २ | २ | ३९ | गापा दरबन्दी | | |
| | | | | 14 | जनता प्रावि डाङग्रा | १ | १ | १ | ९४ | गापा दरबन्दी | | |
| | | | | 15 | कृष्ण मावि लकान्द्र | १८ | १८ | ११ | ९५७ | | | |
| | | | | 16 | दशरथ मावि प्याडुली | ४ | ४ | २ | ४५६ | | | |
| | | | | 17 | शुक्र प्रावि जौचौर | ३ | ३ | २ | ७५ | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | 18 | धर्मभक्त प्रावि सिराडी | २ | २ | १ | १८२ | | | |
| | | | | 19 | आदर्श प्रावि हुइता | ३ | ३ | ३ | ११६ | गापा दरबन्दी | | |
| | | | | 20 | गंगालाल प्रावि कोसेडी | ३ | ३ | ३ | ११४ | गापा दरबन्दी | | |
| | | | | 21 | जनता प्रावि पिपलचौतारा | २ | २ | २ | १३३ | गापा दरबन्दी | | |
| | | | | 22 | सुर्योदय प्रावि नदा◌्इ | २ | २ | २ | १२३ | गापा दरबन्दी | | |
| | | | | २३ | मालिका मावि ठिमुरे | ८ | ८ | ८ | ३९८ | | | |
| | | | | २४ | बागेश्वरी प्रावि चगर्ता | ३ | ३ | ३ | १४८ | | | |
| | | | | २५ | सत्यदेवी आवि आग्र | ४ | ४ | ३ | ३०० | | | |
| | | | | २६ | मालिका मावि पाँचला | ५ | ५ | १ | ४८१ | | | |
| | | | | २७ | बालकल्याण आवि गुयालसिम | ३ | ३ | २ | १३७ | | | |
| | | | | २८ | शिव प्रावि देउलेसिम | १ | ३ | १ | २२ | | | |
| | | | | २९ | धौलापाडा प्रावि छडाथान | २ | २ | २ | ९६ | | | |
| | | | | 30 | नन्दादेवी प्रावि भम्क | १ | १ | १ | १६१ | | | |
| | | | | ३१ | सिद्धार्थ आवि रोकायाटोल | ३ | ३ | ३ | ८८ | गापा दरबन्दी | | |
| | | | | ३२ | सुर्यदेवी प्रावि लामामेला | १ | १ | १ | ४१ | गापा दरबन्दी | | |
| | | | | ३३ | जन प्रावि थापाटोल | २ | २ | २ | १५० | गापा दरबन्दी | | |
| | | | | ३४ | रामचन्द्र प्रावि अधिकारीचौर | १ | १ | १ | ५६ | गापा दरबन्दी | | |
| | | | | ३५ | देउती प्रावि चाँदेगडा | १ | १ | १ | ५४ | गापा दरबन्दी | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३६</td><td>भगवती प्रावि बुढागाउँ</td><td>१</td><td>१</td><td>१</td><td>११३</td><td>गापा दरबन्दी</td></tr>
<tr><td>३७</td><td>सरस्वती प्रावि बुढाआग्र</td><td>१</td><td>१</td><td>१</td><td>७९</td><td>गापा दरबन्दी</td></tr>
<tr><td>३८</td><td>नेरा प्रावि सुइयाँ</td><td>३</td><td>३</td><td>२</td><td>८६</td><td></td></tr>
<tr><td>३९</td><td>कालिका आवि सेरीपाटा</td><td>३</td><td>३</td><td>३</td><td>९१</td><td>गापा दरबन्दी</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१२६</td><td>१२७</td><td>९७</td><td>७१६७</td><td></td></tr>
</table>
अतः शिक्षा ऐन नियमावलीले तोके अनुसार विद्यार्थी शिक्षक अनुपात कायम गरी दरवन्दी मिलान एवं दरवन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४३.५</td><td></td><td></td><td>शिक्षक अनुदान: स्थानीय सरकार संचालन ऐन, २०७४ ले पालिकालाई विद्यालयमा दरबन्दी सिर्जना गर्ने तथा शिक्षक नियुक्ती गर्ने अधिकार दिएको देखिदैन । पालिकामा अवस्थित विभिन्न विद्यालयहरुलाई दरबन्दी बाहिर शिक्षक तथा कर्मचारी नियुक्त गरी गरी रू १,९०,४५,५००।- खर्च लेखेको छ । सशर्त अनुदानबाट संघीय सरकारले शिक्षा क्षेत्रको खर्चको भार बहन गरिरहेको अवस्थामा पालिकाले विकास निर्माण कार्यमा खर्च गर्नुपर्ने वित्तीय समानिकरणबाट खर्च गरेको देखियो । वित्तीय समानिकरणबाट लेखेको यस्तो खर्च नियम सम्मत नभएको रु.</td><td>१९,०४५,५००</td></tr>
<tr><td>४३.६</td><td>१८२</td><td>२०७९-३-२२</td><td>शैक्षिक सामग्री: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा विल भरपाईको आधारमा लेखा राख्नु पर्ने व्यवस्था छ । पालिकाले कोभिडका कारण उत्पन्न परिस्थिति सिकाई सहजिकरणका लागि शैक्षिक कार्यक्रम अन्तरगत १२०० थान शिक्षण सिकाई सामग्री छपाई गरी भावना छापाखानालाई रु.४,००,०००।– गरेकोमा के कस्तो सामग्री छपाई गरेको हो र सो सामग्री कता कता वितरण गरेको हो सो को विवरण पेश नभएकोले उक्त रकम असुल गर्नु पर्ने रु.</td><td>४००,०००</td></tr>
<tr><td>४४</td><td></td><td></td><td>औषधी खरिद:<br>गाउपालिकाले हिमालयन मेडिसिनिन कन्सर्न सगँ औषधी खरिद गरी रु. ६,१४,५१२।- भुक्तानी गरेको सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छन्</td><td></td></tr>
<tr><td>४४.१</td><td>172</td><td>२०७९-३-२१</td><td>बढी दरमा भुक्तानी: कार्यालयले वस्तु तथा सेवा खरिद गर्दा सम्झौतामा उल्लेख भए बमोजिमको सामानको परिमाण र मुल्य यकिन गरेर मात्र भुक्तानी गर्नु पर्दछ । पालिकाले ई बिडिङ्ग मार्फत सम्झौता गरेकोमा सो सम्झौतामा उल्लेख भएको भन्दा बढी दरमा निम्नानुसार औषधी खरिद गरी भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी गरेको असुल गर्नु पर्ने रु.
<table>
<tr><th>क्र.सं.</th><th>औषधीको विवरण</th><th>परिमाण</th><th>दर</th><th>BOQ अनुसार</th><th>फरक दर</th><th>बढी भुक्तानी रु</th></tr>
</table></td><td>६६,२४६</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | Lignocin A | २० | २८ | २५ | ३ | ६५ | | |
| | | | | २ | Lignocin B | २० | २८ | २५ | ३ | ६५ | | |
| | | | | ३ | Paracetamol A | ५०००० | १ | १ | ० | ६००० | | |
| | | | | ४ | Paracetamol B | १००० | १८ | १६ | २ | २०३० | | |
| | | | | ५ | Ibuprofen | २००० | १ | १ | ० | २८० | | |
| | | | | ६ | Diclofenac | २०० | १ | १ | ० | १४ | | |
| | | | | ७ | Indomethacin A | २००० | १ | १ | ० | ३२० | | |
| | | | | ८ | Indomethacin B | २००० | ३ | ३ | ० | ७२० | | |
| | | | | ९ | Pheniramine | ५० | १० | ९ | १ | ५९ | | |
| | | | | १० | Cetirazine HCL A | १५००० | ० | ० | ० | ७५० | | |
| | | | | ११ | Cetirazine HCL A | १००० | २२ | २० | ३ | २५७० | | |
| | | | | १२ | Metronidazole A | १०० | १९ | १७ | २ | २१६ | | |
| | | | | १३ | Metronidazole B | १५००० | १ | १ | ० | १८०० | | |
| | | | | १४ | Metronidazole C | ३०० | १९ | १७ | २ | ६४८ | | |
| | | | | १५ | Tinidazole | १००० | २ | २ | ० | २७० | | |
| | | | | १६ | Amoxiciline A | ५००० | १ | १ | ० | ८०० | | |
| | | | | १७ | Amoxiciline B | ५००० | २ | २ | ० | १२५० | | |
| | | | | १८ | Amoxiciline C | ५००० | ४ | ३ | ० | २००० | | |
| | | | | १९ | Gentamycine | ३०० | १४ | १३ | २ | ४८९ | | |
| | | | | २० | Ciprofloxacin A | ३०० | १३ | ११ | १ | ४४७ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २१ | Ciprofloxacin B | ७००० | २ | २ | ० | १४७० | | |
| | | | | २२ | Ciprofloxine C | १०००० | ४ | ३ | ० | ४००० | | |
| | | | | २३ | Ciprofloxine D | १०० | २१ | १९ | २ | २४४ | | |
| | | | | २४ | Chloroamphenical A | १००० | २ | २ | ० | २७० | | |
| | | | | २५ | Chloroamphenicol B | १००० | ४ | ३ | ० | ४१० | | |
| | | | | २६ | Chloroamphenicol C | १००० | ५ | ४ | १ | ५३० | | |
| | | | | २७ | Sulphamethoxane Trmethoprim | ५००० | १ | १ | ० | ८५० | | |
| | | | | २८ | Azithromycin A | १००० | ८ | ७ | १ | ८७० | | |
| | | | | २९ | Azithromycin B | १००० | १२ | ११ | १ | १४२० | | |
| | | | | ३० | Cloxcillin A | १००० | २ | २ | ० | २७० | | |
| | | | | ३१ | Cloxicillin B | १००० | ४ | ३ | ० | ४१० | | |
| | | | | ३२ | Neomycin cream | १०० | २१ | १९ | २ | २४४ | | |
| | | | | ३३ | Fluconazole A | ५०० | ६ | ५ | १ | ३४० | | |
| | | | | ३४ | Fluconazole B | १०० | ३१ | २७ | ४ | ३५२ | | |
| | | | | ३५ | Acyclovir A | १००० | ४ | ३ | ० | ४१० | | |
| | | | | ३६ | Acyclovir B | १०० | ३३ | २९ | ४ | ३८० | | |
| | | | | ३७ | Folic Acid | ५००० | १ | १ | ० | ३५० | | |
| | | | | ३८ | Vitamin B Complex | २०००० | १ | १ | ० | १४०० | | |
| | | | | ३९ | Sodium lactate | ४०० | ४४ | ३९ | ५ | २०४४ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ४० | Sodium chloride | ५० | ३७ | ३२ | ४ | २१० | | |
| | | | | ४१ | Dextrose solution | ५० | ३७ | ३२ | ४ | २१० | | |
| | | | | ४२ | Atenolol | १००० | १ | १ | ० | १६० | | |
| | | | | ४३ | Calamine lotion | २०० | १४ | १३ | २ | ३२६ | | |
| | | | | ४४ | Gama benzine hexachloride | २०० | ३५ | ३१ | ४ | ८१२ | | |
| | | | | ४५ | Antacid | २०००० | १ | १ | ० | १४०० | | |
| | | | | ४६ | Ranitidine A | १०० | ५ | ५ | १ | ६० | | |
| | | | | ४७ | Ranitidine B | १०००० | १ | १ | ० | ९०० | | |
| | | | | ४८ | Hyoscine butylbromide A | १०० | ४ | ४ | ० | ४७ | | |
| | | | | ४९ | Hyoscine butylbromide B | ५००० | ८ | ७ | १ | ४३५० | | |
| | | | | ५० | Oral rehydration solutions | २००० | ६ | ५ | १ | १४०० | | |
| | | | | ५१ | Clove oil | १०० | १४ | १३ | २ | १६३ | | |
| | | | | ५२ | Metoclorpropamid A | १००० | १ | १ | ० | ८० | | |
| | | | | ५३ | Metoclorpropamid B | १०० | १० | ९ | १ | ११८ | | |
| | | | | ५४ | Benzoic acid | १०० | २१ | १८ | २ | २३७ | | |
| | | | | ५५ | Frusemide A | ५०० | १ | १ | ० | ७० | | |
| | | | | ५६ | Frusemide B | ५० | ७ | ६ | १ | ४१ | | |
| | | | | ५७ | Amlodipine | १००० | १ | ० | ० | ६० | | |
| | | | | ५८ | Dexamethasone | १०० | १२ | ११ | १ | १४२ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ५९ | Salbutamol | १५००० | ० | ० | ० | ४५० | | |
| | | | | ६० | Aminophylline | १००० | १ | १ | ० | १४० | | |
| | | | | ६१ | Prednisolone | १००० | ३ | ३ | ० | ३३० | | |
| | | | | ६२ | Pralidoxim sodium | १० | २७९ | २४७ | ३२ | ३२१ | | |
| | | | | ६३ | Phenobarbitone A | १००० | १ | १ | ० | १४० | | |
| | | | | ६४ | Phenobarbitone B | १००० | २ | २ | ० | २०० | | |
| | | | | ६५ | Metformin A | १००० | १ | १ | ० | ८० | | |
| | | | | ६६ | Merformin B | १००० | २ | २ | ० | २०० | | |
| | | | | ६७ | Adrenaline | ३० | २० | १८ | २ | ६९ | | |
| | | | | ६८ | Digoxin | ५०० | १ | १ | ० | ७० | | |
| | | | | ६९ | Silver sulphadiazine | १०० | ३३ | २९ | ४ | ३८० | | |
| | | | | ७० | Coltrimazole A | १०० | १९ | १७ | २ | २१६ | | |
| | | | | ७१ | Coltrimazole B | २०० | ७ | ६ | १ | १६२ | | |
| | | | | ७२ | Diazepam | ५० | ३३ | २९ | ४ | १९० | | |
| | | | | ७३ | Gention violet | १०० | ८ | ७ | १ | ९४ | | |
| | | | | ७४ | Allopurinol A | १००० | १ | १ | ० | १४० | | |
| | | | | ७५ | Allopurinol B | १००० | २ | २ | ० | २७० | | |
| | | | | ७६ | Tetrcycline A | १००० | १ | १ | ० | १४० | | |
| | | | | ७७ | Tetrcycline B | १००० | ३ | ३ | ० | ३४० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ७८ | Acetazolamide | १००० | ७ | ६ | १ | ८१० | | |
| | | | | ७९ | Magnesium sulphate | १५० | २० | १८ | २ | ३४५ | | |
| | | | | ८० | Calcium Gluconate | ५० | २० | १८ | २ | ११५ | | |
| | | | | ८१ | Oxymetazoline | १०० | ३८ | ३३ | ४ | ४३२ | | |
| | | | | ८२ | Absorbant cotton | ५० | १०० | ८९ | १२ | ५७७ | | |
| | | | | ८३ | Bandage | १०० | १८३ | १६२ | २१ | २१०१ | | |
| | | | | ८४ | Gauze | १०० | १४ | १६२ | २१ | २१०१ | | |
| | | | | ८५ | IV Canula C | १०० | १४ | १३ | २ | १६३ | | |
| | | | | ८६ | White Phenol | ५० | ७१ | ६३ | ८ | ४०८ | | |
| | | | | ८७ | Adhesive tape | ५०० | १२४ | ११० | १४ | ७१२० | | |
| | | | | ८८ | Chlorine Powder | १०० | २६ | २३ | ३ | २९९ | | |
| | | | | | जम्मा | | | | | ६६२४६ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४४.२ | 172 | २०७९-३-२१ | **बढी परिमाणको भुक्तानी:** कार्यालयले वस्तु तथा सेवा खरिद गर्दा सम्झौतामा उल्लेख भए बमोजिमको सामानको परिमाण र मुल्य यकिन गरेर मात्र भुक्तानी गर्नु पर्दछ । पालिकाले ई बिडिङ्ग मार्फत सम्झौता गरेकोमा सो सम्झौतामा उल्लेख भएको भन्दा बढी परिमाणमा निम्नानुसार औषधी खरिद गरी भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी गरेको असुल गर्नु पर्ने रु. | ५,८८० |
| ४५ | | | **पोषण सहजकर्तालाई बढी भुक्तानीः** बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत पोषण सहजकर्तालाई तलब स्केल, संचार खर्च मात्र भुक्तानी गर्न मिल्ने व्यवस्था छ । पोषण सहजकर्ता श्री हस्त बहादुर थापालाई यातायात खर्च स्वरुप मासिक रु २,०००।- ले वार्षिक रु २४,०००।- बढी भुक्तानी गरिएकोले दिन नमिल्ने खर्च भुक्तानी सिफारिस गर्ने र दिने दुवैलाई जिम्मेवार बनाई सम्बन्धितबाट असुल गर्नुपर्ने रु. | २४,००० |

| बढी परमाण भुक्तानी | परिमाण | BOQ अनुसार | फरक परिमाण | दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| Doxycycline | ५००० | १००० | ४००० | १.४७ | ५८८० |
| | जम्मा रु | | | | ५८८० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४६ | | | **औषधी खरिद**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर रु. १५,६६,८००।– को औषधी सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः<br>:<br>• खरिद गरेका उक्त औषधी कुन औषधी कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,<br>• आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,<br>• आपूर्ति भएका औषधी एवं सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।<br>• औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,<br>• औषधीको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।<br>तसर्थ औषधीको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको यकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधीहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ४७ | | | **कृषि तथा पशु** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४७.१</td><td></td><td></td><td>अनुदानको अनुगमन– सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको यकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा खर्च लेखेको छ । पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउने तर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४७.२</td><td>277</td><td>२०७९-३-१६</td><td>अनुगमन प्रतिवेदनः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्दछ । तपशिलमा उल्लिखित सामाग्रीहरु खरिद गरी वितरण गरेकोमा वितरण भरपाई कार्यालय प्रमुखबाट प्रमाणित हुने गरेको छैन । साथै यस्तो खर्च लेख्दा निरीक्षण अनुगमन प्रतिवेदन लिने गरेको नपाइएकोले सो सामाग्रीको सदुपयोग भएको सुनिश्चित हुने निरीक्षण अनुगमन प्रतिवेदन पेश हुनुपर्ने रु.
<table>
<tr><th>भौ नं / मिति</th><th>कार्यक्रम</th><th>सामाग्री</th><th>परिमाण</th><th>जम्मा रु</th><th>कैफियत</th></tr>
<tr><td>२७७।२०७९।३।१६</td><td>भकारी कार्यक्रम साझेदारी</td><td>मोसो बाँस</td><td>५००</td><td>२०००००</td><td>अनुगमन तथा कार्यसम्पन्न नरहेको</td></tr>
<tr><td colspan="4">जम्मा रु</td><td>२०००००</td><td></td></tr>
</table></td><td>२००,०००</td></tr>
<tr><td>४८</td><td></td><td></td><td>सामाजिक सुरक्षा तर्फ</td><td></td></tr>
<tr><td>४८.१</td><td></td><td></td><td>सार्वजनिक सुनुवाईः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३४ बमोजिम वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने उल्लेख भएतापनि सार्वजनिक सुनुवाई गरी जनगुनासो सम्बोधन गरेको छैन । कार्यविधिले तोकेको समयमा सार्वजनिक सुनुवाई गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४८.२</td><td></td><td></td><td>पारदर्शिताः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ बमोजिम स्थानीय तहले सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानिय तहको वेभसाइटमा राख्नुपर्ने र रकम भुक्तानी गरेको तथा बुझि लिने व्यक्तीको नामावली स्थानीय तहका अतिरिक्त सम्बन्धित वडा कार्यलयमा समेत सार्वजनिक गर्ने व्यवस्था छ । स्थानिय तहले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण वेभसाइटमा सार्वजनिक गरेको छैन ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४८.३ | | | **सामाजिक सुरक्षातर्फ निकासाः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अद्यावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । यो वर्ष पालिकाले रु. ७,६९,६३,२०५।- निकासा गरेकोमा रु. ७,६८,२४,९२७।- लाभग्राहीको खातामा जम्मा भएको र बाँकी रकम रु. १,३८,२७८।४१ मिति २०७९।४।५ मा फिर्ता गरेको देखियो । साथै मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच वर्ष उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैङ्क मार्फत वितरण भएकामा लगातार उक्त वर्षसम्म खाता निष्क्रिय भएमा, अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले मूल अभिलेख किताब अद्यावधिक गरेको देखिएन । साथै वडा स्थित कार्यालयले मूल अभिलेख किताब समेत राखेको नपाइएकोले सामाजिक सुरक्षा सम्बन्धी विवरण यकिन हुन सकेन । | |
| ४८.४ | | | **विवरण पेश तथा समिक्षाः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३१ बमोजिम स्थानिय तहले भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण नगरसभामा पेश गर्नुपर्ने र सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा र खर्चको समिक्षा गर्नुपर्नेमा पालिकाले सो गरेको देखिएन । | |
| ४९ | | | **छोरी सुरक्षा कार्यक्रमः**<br>बैंक खाता छोरीको सुरक्षा जीवन भरिको कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ को दफा ४ मा वि. सं. २०७६ श्रावण १ गते वा सो भन्दा पछि जन्मिएका कर्णाली प्रदेश भित्रका छोरीलाई प्रदेश सरकारले निज छोरी २० वर्षको हुँदा सम्म जन्मेको पहिलो महिनाको रु १,००० र त्यसपछि मासिक रु ५०० का दरले बैंक खातामा रकम जम्मा गरिदिने व्यवस्था छ । त्यसै गरी कार्यक्रममा सहभागी छोरीले माध्यमिक तहसम्मको अध्ययन पूरा नगरेमा वा अध्ययन विचैमा छोडेमा, २० वर्ष नपुग्दै विवाह गरेमा सो रकम उपलब्ध नगराउने समेत उल्लेख भएबाट पालिकाले रकम बैंक खातामा जम्मा गर्नु अघि ती छोरीहरुको स्थिति, अवस्थाका बारेमा स्पष्ट हुनु जरुरी छ । प्रति छोरीको २० वर्षसम्म अभिलेख अद्यावधिक गर्नुपर्ने र प्रत्येक वर्ष जन्मेका थप छोरीको समेत अभिलेख अद्यावधिक गर्दै जानुपर्ने, अनुगमन संयन्त्र बनाउनु पर्नेमा पालिकामा गत वर्षका १८७ जना र यो वर्षको ९० थप गरी छोरीको दर्ता किताब मात्र तयार गरी बैंकमा रु ३० लाख ३९ हजार रकम पठाएको हुँदा वर्षहरुमा थप हुँदै जानेको संख्या समेत अभिलेख तयार गर्ने तर्फ ध्यानाकर्षण हुनुजरुरी देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५० | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम–**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्वेश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकीकरण गरी प्राथमिकताक्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेको छ। कामका लागी रोजगार कार्यक्रम कार्यान्वियनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकांश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्वेश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वियन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तह भित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ६०२ जनालाई रोजगारी उपलव्ध गराई रु. २ करोड ७१ लाख ५३ हजार रुपैयाँ खर्च गरेको छ । लक्षित वर्गलाई ५० देखि ११५ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।<br><br>वडा नं \| कार्यक्रम/योजना संचालन \| रोजगार संख्या \| कुल खर्च रकम \| तलबमा खर्च भएको रकम<br>१-६ \| ३६ \| ६०२ \| २७१५३४०४ \| १०५८१९० | |
| ५१ | | | **कार्य सम्पन्न प्रतिवेदन -**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन । | |
| ५२ | | | **सार्वजनिक परीक्षण -**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारदर्शिताको प्रवर्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५३ | | | **कन्टिन्जेन्सी खर्चको अभिलेख:**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेश गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वियन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । पालिकाले पेश गरेको विवरण अनुसार आ.व २०७८/७९ मा कन्टीन्जेन्सी बापत रु.३५ लाख ९८ हजार कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नुपर्नेमा राख्ने गरेको छैन । | |
| ५४ | | | **कर दस्तुर एवं आन्तरिक आय** | |
| ५४.१ | | | **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।७९ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।<br>केन्द्रिय अनुदानबाट खर्च: २९७३८९६१७ ; आन्तरिक आय: १७७८९९७ ; आन्तरिक आय प्रतिशत: ०.६०<br>उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.६० प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५४.२ | | | **राजश्व दाखिला :** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(२) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ६ वटै वडाले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैंक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैंकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ । | |

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २९७३८९६१७ | १७७८९९७ | ०.६० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५४.३ | | | **राजश्व अभिलेख :** पालिकाले राजस्वको अभिलेख अद्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा विवरण सहित नगद जम्मा भएको प्रमाण पालिकामा आएको देखिएन । अघिल्लो आर्थिक वर्षको रसिद बाँकी के कति छन यकिन भएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । राजस्व असूल एवं दाखिला सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यालयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो । | |
| ५४.४ | | | **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ५० लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु. १७ लाख ७८ हजार अर्थात अनुमानको ३६ प्रतिशत मात्र आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५४.५</td><td></td><td></td><td>कर तथा शुल्क असुली - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।<br><br>
<table>
<tr><th>आय शीर्षक</th><th>अनुमान</th><th>असुली</th><th>असुली प्रतिशत</th></tr>
<tr><td>व्यक्तिगत घटना दर्ता दस्तुर</td><td>५०००००</td><td>१७५०००</td><td>३५</td></tr>
<tr><td>घरजग्गा वहाल कर</td><td>५००००</td><td>४००००</td><td>८०</td></tr>
<tr><td>व्यावसाय रजिष्ट्रेशन दस्तुर</td><td>२०००००</td><td>५००००</td><td>२५</td></tr>
<tr><td>नाता प्रमाणित दस्तुर</td><td>२०००००</td><td>०</td><td>०</td></tr>
<tr><td>न्यायिक दण्ड जरिवाना र जफत</td><td>१०००००</td><td>०</td><td>०</td></tr>
<tr><td>सिफारिस दस्तुर</td><td>२०००००</td><td>३०२०००</td><td>१५१</td></tr>
<tr><td>भूमि तथा मालपोत कर</td><td>३४०००००</td><td>५१२०००</td><td>१५</td></tr>
<tr><td>अन्य दस्तुर</td><td>३५००००</td><td>६९९९९८</td><td>२००</td></tr>
<tr><td>जम्मा</td><td>५००००००</td><td>१७७८९९८</td><td>३६</td></tr>
</table><br>
पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>५५</td><td></td><td></td><td>बार्षिक खरिद योजना/गुरुयोजना :<br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १३,१५,७३,६७१।– पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५६ | | | **विपद व्यवस्थापन**<br><br>• **समिति गठन**- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको भएतापनि बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।<br>• **कार्य योजना** - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७९ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।<br>• **विपद् व्यवस्थापन कोष** – विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिए बमोजिम हुने व्यवस्था छ । यस पालिकामा विपद व्यवस्थापन कोषमा रु ११,८३,९७३ आम्दानी बाँधेकोमा रु ७,४३,१२० खर्च भई रु ४,४०,८५३ बाँकी देखिन्छ ।<br>• **वार्षिक प्रतिवेदन** – विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५७ | | | **तारजाली खरिदः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एक पटकभन्दा बढी सोझै खरिद गर्न नसकिने व्यवस्था छ । सोही नियमावलीको नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । पालिकाले निम्नानुसारको तार जाली खरिद गर्दा वार्षिक खरिद योजना नबनाई सिमाभन्दा बढी पटक पटक गरी खरिद गरी भुक्तानी गरेको तथा सो तार जाली कहाँ प्रयोग भयो सो को नापजाँच समेत गरेको नदेखिएकोले सो तार जाली प्रयोग गरेको कामको नापजाँच गरेको प्रमाण राखी नियमित गर्नु पर्ने रु. | १,९२९,९९७ |

| क्र.सं. | भौ.नं. मिति | फर्मको नाम | विवरण | भुक्तानी |
|---|---|---|---|---|
| १ | १७१-२०७९।३।२४ | भेरम निर्माण सेवा | ११५ थान | ४८२६४६ |
| २ | १७०-२०७९।३।२४ | सचेत निर्माण सेवा | १०६ थान | ४८२८३६ |
| ३ | १६९-२०७९।३।२४ | कुशल कन्स्ट्रक्सन | ११८ थान | ४८२३७२ |
| ४ | १६८-२०७९।३।२४ | बडिमालिका निर्माण सेवा | जाली पाईप | ४८२१४३ |
| | जम्मा | | | १९२९९९७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५८ | | | **निर्णयबाट निर्माण कार्य**<br>सार्वजनिक खरिद नियमावली, २०६४(एघारौ संसोधन अगाडी) को नियम ८५(१क) मा रु.५ लाख सम्मको मालसामान तथा निर्माण कार्य सोझै खरिद गर्न सकिने तथा नियम ८४(१) मा २० लाख सम्मको मालसामान तथा निर्माण कार्य शिलवन्दी दरभाउ पत्र मार्फत गर्न सकिने व्यवस्था छ । पालिकाका विभिन्न सडक मर्मत गर्न रु. ८,२२,५६३।१६ को लागत अनुमान तयार गरेकोमा शिलबन्दी दरभाउपत्र तथा बोलपत्र आव्हान गरी खरिद कार्य गर्नु पर्नेमा खरिदका कुनै विधि नअपनाईकनै गाउँ कार्यपालिकाको मिति २०७८।३।११ को निर्णय अनुसार शुदर्सन निर्माण सेवालाई विना प्रतिष्पर्धा निर्माण कार्य गर्न दिने निर्णय गरी रु.८,२२,५५५।– भुक्तानी गरेको देखिएकोले नियमित गर्नु पर्ने रु. | ८२२,५५५ |
| ५९ | | | **आरन सुधार कार्यक्रम:**<br>गाउँपालिकाले संचालन गरेको आरन सुधार कार्यक्रमका सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्: | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५९.१ | ८९ | २०७९-३-२ | **तालिम:** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा विल भरपाईको आधारमा लेखा राख्नु पर्ने व्यवस्था छ । पालिकाले आरन सुधार कार्यक्रमको तालिम संचालन गर्न मन सिंह बुढालाई रु.१,७१,१२०।- भुक्तानी गरेकोमा ९ जनालाई २० दिन तालिम दिएको उल्लेख गरेकोमा कुन समयमा कुन प्रशिक्षकले कुन विषयको तालिम दिएको हो सो कुरा खुल्न नआएकोले सो को विवरण सहितको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नु पर्ने रु. | १७१,१२० |
| ५९.२ | १३७ | २०७९-३-२२ | **जस्तापाता:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा विल भरपाईको आधारमा लेखा राख्नु पर्ने व्यवस्था छ । पालिकाले आरन सुधार कार्यक्रम संचालन गर्न प्रज्ञा ट्रेड एण्ड अर्डर सप्लायर्स बाट ८६ थान जस्ता पाता खरिद गरी रु. १,१४,१३७।- भुक्तानी गरेकोमा सो सामान कता र कुन प्रयोजनका लागि प्रयोग भएको सोको प्रमाण नदेखिएकोले सो को प्रमाण पेश गर्नु पर्ने रु. | ११४,१३७ |
| ५९.३ | ९० | २०७९-३-२२ | **सामग्री वितरण:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा विल भरपाईको आधारमा लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले आरन सुधार कार्यक्रम संचालन गर्न न्यु नेपाल ट्रेडर्स एण्स सप्लायर्सलाई रु.२,७१,७२३।- भुक्तानी गरी ३० थान आरन, १६ थान हेम्बर, फलफेली २४ थान, हतौडा २४ थान, गिन्डर ३ थान लगायतका सामान खरिद गरेकोमा सो सामान कता र कुन प्रयोजनका लागि प्रयोग भएको सोको प्रमाण नदेखिएकोले सो को प्रमाण पेश गर्नु पर्ने रु. | २७१,७०२ |
| ६० | | | **आन्तरिक लेखापरीक्षण बाट कायम बरुजु** | |
| ६०.१ | 308 | २०७९-३-२२ | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९ (५) मा भुक्तानी दिँदा बिल भरपाई संलग्न रहे नरहेको तथा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले कक्षा ८ को परीक्षा संचालनका लागि श्री नेत्र बहादुर थापालाई कर बाहेक रु. २,०२,१७५।- भुक्तानी गरेकोमा जोडजम्मा गर्दा रु. २४,६६९।- को बिल भरपाई नरहेकोले असुल गर्नुपर्ने रु. | २४,६६९ |
| ६०.२ | 184 | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९ (५) मा भुक्तानी दिँदा बिल भरपाई संलग्न रहे नरहेको तथा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले श्री जनचेतना सामुदायिक सिकाई केन्द्र ठाटीकाँध १ र श्री मदनताल सिकाई केन्द्र ठाटीकाँध ३ लाई रु २,००,०००।- भुक्तानी भएकोमा सो रकम बराबरको बिल भरपाई पेश नभएकोले प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. | २००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६०.३ | | | **मुख्यमन्त्री रोजगार कार्यक्रमः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९ (५) मा भुक्तानी दिँदा बिल भरपाई संलग्न रहे नरहेको तथा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले बिल भरपाई वेगर निम्नानुसार भुक्तानी दिएको असुल गर्नुपर्ने रु.<br><table><tr><th>भौ नं / मिति</th><th>विवरण</th><th>भुक्तानी रु</th></tr><tr><td>२४।२०७९।३।२५</td><td>अनुगमन मूल्यांकन खर्च</td><td>२०५०००</td></tr><tr><td>२५।२०७९।३।२५</td><td>डम्वर बहादुर लामिछाने</td><td>९३१५०</td></tr><tr><td colspan="2">जम्मा रु</td><td>२९८१५०</td></tr></table> | २९८,१५० |
| ६०.४ | | | **एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमः** आय कर ऐन, २०५८ तथा सालबसाली आर्थिक ऐन बमोजिम अग्रिम रुपमा करकट्टी गरी सम्बन्धितको नामबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार श्री रविना शाही प्रशंसा जे भी को भवन निर्माण खर्च सोधभर्ना दिँदा निर्माण व्यवसायी कर कट्टा भएको रकम बैंक दाखिला भौचर संलग्न नरहेकोले समावेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.<br><table><tr><th>भौ नं / मिति</th><th>विवरण</th><th>असुल गर्नुपर्ने रु</th></tr><tr><td>२।२०७८।१०।१७</td><td>निर्माण व्यवसायी कर</td><td>१२१०१।६३</td></tr><tr><td>७।२०७९।१।१४</td><td>निर्माण व्यवसायी कर</td><td>३८११।१६</td></tr><tr><td colspan="2">जम्मा रु</td><td>१५९१२।७९</td></tr></table> | १५,९१२.७९ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६१</td><td></td><td></td><td>अनुगमन तथा सम्परीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्योट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्योट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।<br>रकम रु हजारमा<br><table><tr><th>गत वर्षसम्मको बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)</th><th>गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B)</th></tr><tr><td>२२३९८४</td><td>०</td><td>२२३९८४</td></tr></table></td><td></td></tr>
<tr><td>६२</td><td></td><td></td><td>अद्यावधिक वेरुजु<br>यस पालिकाको २०७८।७९ सम्मको फछ्र्योट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ<br><table><tr><th>गत वर्षसम्मको बाँकी बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)</th><th>यो वर्ष कायम बेरुजू(C)</th><th>संपरीक्षणबाट कायम बेरुजू(D)</th><th>अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D)</th></tr><tr><td>२२३९८४</td><td>०</td><td>७९०२४</td><td>0</td><td>३०३००८</td></tr></table></td><td></td></tr>
</table>